मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ६ मध्ये एउटा कागजातको सक्कल प्रतिले मतदान गर्न पाइने

हेटौंडा, २० फागुन/बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न मतदाता परिचयपत्र वा त्यसको विकल्पमा अन्य पाँच प्रकारका कागजातका आधारमा मतदान केन्द्र प्रवेश गर्न सकिने निर्वाचन आयोगले स्पष्ट पारेको छ । मतदाता परिचयपत्रको सक्कलप्रति नभएमा नेपाली नागरिकता, नागरिकता नभएमा सवारीचालक अनुमतिपत्र, चालक अनुमतिपत्र नभएमा राहदानी, राहदानी नभएमा राष्ट्रिय परिचयपत्र, राष्ट्रिय परिचयपत्र पनि नभएमा जग्गाधनी प्रमाणपुर्जाको सक्कलप्रति बोकेर मतदान केन्द्र जान सकिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिएका छन् । आयोगले तोकेका छ प्रकारका कागजातमध्ये कुनै एक अनिवार्य लिएर मतदान केन्द्र गएमा मतदान गर्न सकिने उनले स्पष्ट पारे । आज हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र छन् भने १४३ अस्थायी मतदानस्थल छन् । ती केन्द्रमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले मतदान गर्ने आयोगले जनाएको छ ।

# आज प्रतिनिधिसभा निर्वाचन

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि १६५ वटा निर्वाचन क्षेत्रमा आज बिहीबार एकै चरणमा मतदान हुँदैछ । यो निर्वाचनबाट प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सांसद निर्वाचित हुनेछन् ।



२ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा आवश्यक सबै तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म हुनेछ । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित तथा शान्तिपूर्णरुपमा सम्पन्न गराउन निर्वाचन व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्य सम्पन्न भइसकेको मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् । उनका अनुसार मकवानपुरका १ सय ६७ मतदानस्थल अन्तर्गतका ३ सय ७४ वटै मतदान केन्द्रमा बुथ निर्माण, घेराबार तथा लाइन व्यवस्थापनको काम सकिएको छ । ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, किरियापुत्री तथा असक्त मतदाताका लागि छुट्टै लाइनको व्यवस्था गरिएको छ ।

यसैगरी महिला र पुरुष मतदाताका लागि पनि अलगअलग लाइनको व्यवस्था गरिएको छ । मतगणनास्थलको तयारी समेत पूरा गरिएको छ । मकवानपुरमा निर्वाचन क्षेत्र नम्बर १ बाट २३ जना र निर्वाचन क्षेत्र नम्बर २ बाट २१ जना गरी कुल ४४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । क्षेत्र नं. १ मा नेपाली काँग्रेसबाट महालक्ष्मी उपाध्याय 'डीना', नेकपा एमालेबाट रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीबाट विजय गौतम तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंहले उम्मेदवारी दर्ता गराएका छन्

राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश गौतम, श्रमसंस्कृति पार्टीबाट विद्या श्रेष्ठ, उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल, नेकपा माओवादीबाट महेश नेपाली, जनता समाजवादी पार्टीबाट रुपक लामा, एकल निर्वाचन चिन्हसहित जनता समाजवादी पार्टीबाट दीपक सिलवाल, नेशनल मंगोल अर्गनाइजेशनबाट युवराज स्याङतानले उम्मेदवारी दिएका छन् । त्यसैगरी, अमर दंगाल, अमिक परिवार, टीकाप्रसाद चौंलागाईं, प्रमिलाकुमारी खतिवडा, मठु पुलामीमगर, राकेशकुमार शर्मा, राजकुमार खड्का, राजाराम बोगटी, शिला सुवेदी र ज्ञानसागर लामाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसबाट जिल्ला पार्टी सभापति समेत रहेका बुद्ध लामा, नेकपा एमालेबाट महेश वर्तौला र नेकपाबाट लवशेर विष्टले उम्मेदवारी दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रशान्त उप्रेती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर, श्रम संस्कृति पार्टीबाट युनिश लामा स्याङतान, उज्यालो पार्टी नेपालबाट प्रवीणकुमार स्याङतान, राष्ट्रिय जनमोर्चाबाट नीरबहादुर सिन्तान, प्रलोपा पार्टीबाट सन्तोष विष्ट, नेशनल मंगोल अर्गनाइजेशनबाट हीरालाल स्याङतान, नेपाल मजदुर किसान पार्टीबाट सरोज तामाङ, नेकपा माओवादीबाट राम घलान 'वाटर' तथा संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजाले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै, आमजनता पार्टीबाट सूर्य राई र जनता समाजवादीबाट छविलाल वाइबाले एकल चुनाव चिन्ह लिएर उम्मेदवारी दिएका छन् । क्षेत्र नम्बर २ बाट अमृत बल, कृष्णाराम श्रेष्ठ, प्रतिक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बल ५ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

### मतगणना भुटनदेवी माविमा हुने

मतदान सम्पन्न भए लगत्तै मतपेटिका आजै मतगणनास्थल भूटनदेवी माध्यमिक विद्यालयमा ल्याउने व्यवस्था मिलाइएको छ । निर्वाचन क्षेत्र नम्बर १ को 'ए' ब्लक र निर्वाचन क्षेत्र नम्बर २ को 'बी' ब्लकमा मतगणना हुने गरी गणनास्थल व्यवस्थित बनाइएको छ । अन्य जिल्ला हुँदै ल्याउनुपर्ने ८ वटा मतदान केन्द्रका मतपेटिका बेलुका अबेरसम्म ल्याइने गरी व्यवस्था मिलाइएको छ । मतगणनास्थलको सुरक्षाका लागि तारजाली तथा सिसी क्यामेरामार्फत् निगरानी गरिने छ । उम्मेदवारका प्रतिनिधिले तारजाली बाहिरबाट मतगणना अवलोकन गर्नसक्ने व्यवस्था गरिएको छ । मत गणनास्थललाई सुरक्षित र व्यवस्थित बनाउन आवश्यक तयारी पूरा गरिएको मुख्य निर्वाचन अधिकृत श्रेष्ठले बताइन् ।

### जिल्लामा कुल ३ लाख १५ हजार ३ सय ३४ मतदाता

जिल्लामा कुल ३ लाख १५ हजार ३ सय ३४ मतदाता रहेका छन् । मकवानपुरमा दुईवटा अस्थायी मतदान केन्द्र तोकिएको छ । राष्ट्रसेवक कर्मचारीका लागि जिल्ला प्रशासन कार्यालय र भीमफेदी कारागारमा अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ । जिल्लामा ३ हजार ७ सय १ अस्थायी मतदाता रहेका छन् । भीमफेदी कारागारमा रहेका ९ सय ६८ कैदीबन्दीमध्ये दुई महिलासहित ७५ जनाको नाम मतदाता नामावलीमा समावेश रहेको छ । अस्थायी मतदाताले समानुपातिक प्रणालीतर्फ मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ । प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६०१ जना मतदाता थपिएका छन् ।

सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरपालिकामा ७ हजार १६३ मतदाता थप भएका छन् । मनहरीमा एक हजार ४६८, थाहा नगरमा एक हजार ४१५ मतदाता थपिएका छन् । बकैयामा ८१७, बागमतीमा ८४०, मकवानपुर गढीमा ७५४ र भीमफेदीमा ६९३ मतदाता थपिएका छन् । त्यस्तै, इन्द्रसरोवरमा ३७३, कैलाशमा ३६३ र राक्सिराङमा २३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ । मतदाता विवरण अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता छन् । जिल्लाभर कुल मतदातामध्ये महिला एक लाख ५३ हजार ३७६, पुरुष एक लाख ६१ हजार ९५३ र अन्य ५ जना छन् ।

### तीन हजार बढी कर्मचारी परिचालन

मकवानपुरका १७६ मतदानस्थलअन्तर्गत ३७४ मतदान केन्द्रमा स्वयंसेवकसहित तीन हजार ३६६ कर्मचारी परिचालन गरिएका छन् । निर्वाचन अवधिभर दुई हजार २४४ कर्मचारी र एक हजार १२२ जना स्वयंसेवक खटिने प्रदेश निर्वाचन अधिकारी हरि ढकालले जानकारी दिए । प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृतसहित आयोगबाट छ जना कर्मचारी खटाइनेछन् । मतदानस्थलमा तीनजना स्वयंसेवक परिचालन गरिने व्यवस्था गरिएको छ । जनशक्ति व्यवस्थापनको कार्य सकिएको र खटाइएका कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सकिएको उनको भनाइ छ ।

निर्वाचन शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन करिब चार हजार २०० सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी (जनपथ) तथा करिब दुई हजार २०० निर्वाचन प्रहरी परिचालन गरिनेछन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरीउपरीक्षक श्यामबहादुर खत्रीले सुरक्षा निकायले संवेदनशील क्षेत्रमा विशेष निगरानी, नियमित गस्ती तथा प्रचारप्रसार गतिविधिको अनुगमन गर्ने बताए ।

# बागमती प्रदेशमा २६ अस्थायी मतदान केन्द्र



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बागमती प्रदेशका विभिन्न जिल्लामा २६ वटा अस्थायी मतदान केन्द्र तोकिएका छन् । निर्वाचन आयोगका अनुसार सबैभन्दा धेरै अस्थायी मतदान केन्द्र काठमाडौंमा ६ वटा तोकिएका छन् ।

काठमाडौंमा सात हजार ६८७ अस्थायी मतदाता कायम छन् । काठमाडौं महानगरपालिका-११ स्थित जगन्नाथ देवालयको केन्द्रीय कारागार, कामनपा वडा नं ३० स्थित डिल्लीबजार कारागार, नगार्जुन नगरपालिका-३ को सशस्त्र प्रहरी बलको कार्यलय, भद्रकाली मन्दिर तथा जिल्ला प्रशासन कार्यालयका भवनमा अस्थायी मतदान केन्द्र तोकिएका छन् । आयोगका अनुसार भक्तपुरमा दुई हजार ३०४, ललितपुरमा दुई हजार ५४९, काभ्रेपलाञ्चोकमा दुई हजार ४८१, मकवानपुरमा तीन हजार ३०७, चितवनमा तीन हजार १८५, नुवाकोटमा दुई हजार ९५६ र धादिङमा दुई हजार ८१८ अस्थायी मतदाता रहेका छन् ।

यसैगरी रसुवामा एक हजार पाँच, सिन्धुलीमा एक हजार ७७५, रामेछापमा दुई हजार ४२२, खोलखामा दुई हजार ३११ अस्थायी मतदाता रहेका छन् । देशभर १४३ ओटा अस्थायी मतदान केन्द्र तोकिएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कारागार, सरकारी कार्यालय, सुरक्षा निकाय, अस्पताल तथा सार्वजनिक संस्थानमा कार्यरत मतदातालाई लक्षित गरी अस्थायी मतदान केन्द्र तोकिएको जानकारी दिए ।

# मानवअधिकार आयोगद्वारा सञ्चारकर्मी र निर्वाचन पर्यवेक्षकसँग छलफल

## मतदानस्थलको स्थलगत अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाको नेतृत्वको टोलीले मकवानपुरका सञ्चारकर्मी र निर्वाचन पर्यवेक्षकसँग छलफल गरेको छ ।

राष्ट्रिय मानवअधिकार आयोग र गैसस मकवानपुरको समन्वयमा आयोजित छलफलमा निर्वाचन आचारसंहिताको पालना, मानवअधिकारमैत्री निर्वाचन तयारी तथा सामाजिक सञ्जालको नियमनलगायत विषयमा विचार विमर्श गरिएको हो । हेटौंडा उपमहानगरपालिका २ स्थित नागरिक भवनमा भएको छलफल गैसस मकवानपुरकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षतामा भएको हो । छलफलमा निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन आचारसंहिताको पूर्णपालना र सामाजिक सञ्जालको प्रभावकारी नियमन अपरिहार्य रहेको सहभागीले बताए ।

कार्यक्रममा आयोगका उपसचिव गीताकुमारी दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, उपाध्यक्ष भावना रिजाललगायतको उपस्थिति रहेको थियो । छलफलमा आयोगकी सदस्य थापाले निर्वाचन भयमुक्त, स्वतन्त्र र शान्तिपूर्णरुपमा सम्पन्न हुनुपर्नेमा जोड दिँदै पर्यवेक्षकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताइन् । टोलीले हेटौंडाका विभिन्न मतदानस्थलको स्थलगत अनुगमन गरेको छ । सबै महिला कर्मचारी खटाइएको हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रको निरीक्षण गर्दै महिलाद्वारा गरिएको व्यवस्थापन थप व्यवस्थित र प्रभावकारी हुने अपेक्षा व्यक्त गरिएको छ ।

आयोगले निर्वाचनपूर्व र निर्वाचनको समयमा मानवअधिकार मैत्री वातावरण छ कि छैन भन्ने विषयमा अनुगमन गरिरहेको जनाएको छ । अनुगमनका क्रममा देखिएका विषयमा सम्बन्धित निकायसँग छलफल गरी तत्काल समाधानका लागि पहल गरिएको आयोगले जनाएको छ । सबै महिलाले व्यवस्थापन गरेको नमूना मतदान केन्द्रकारुपमा रहेको सिद्धार्थ माविमा महिला २ हजार ८ सय १५, पुरुष २ हजार ६ सय ७६ र अन्य दुई गरी कुल ५ हजार ४ सय ९३ मतदाता रहेका छन् ।

मकवानपुरका कुल ३ सय ७४ केन्द्रमध्ये सिद्धार्थ माध्यमिक विद्यालय मतदानस्थलमा रहेको ६ वटै केन्द्रमा निर्वाचन सम्पन्न गराउन सबै महिला कर्मचारी खटीएका छन् । हेटौंडाको मुख्यभागमा रहेको यस केन्द्रमा जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाहका लागि मतदान अधिकृत कर्मचारी सबै उत्साहित देखिएका छन् ।

आयोगका कर्मचारी, पूर्वकर्मचारी तथा आयुक्त देशभरका निर्वाचन केन्द्रमा खटिएर आचार संहिता पालना, शान्तिसुरक्षा तथा मानवअधिकारमैत्री निर्वाचन केन्द्रको अनुगमन गरिरहेका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# ढुक्क भएर मतदान गरौं

प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा देशभरका मतदाताले ढुक्क भएर आफ्नो प्रतिनिधि चयन गर्न सक्ने वातावरण रहेको बताइएको छ । बिहीबार बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म हुने मतदानका लागि मकवानपुर जिल्लाका मतदान केन्द्र तयारी अवस्थामा रहेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट खटिएका कर्मचारीले कार्यस्थल व्यवस्थापन र बुथ निर्माण गरिसकेका छन् । ढुक्क भएर प्रतिनिधि छान्ने हाम्रो दायित्व पूरा गर्ने दिन आजै हो । लोकतन्त्रको सबैभन्दा सशक्त अभिव्यक्ति मताधिकार हो । भोलि हुने प्रतिनिधिसभा सदस्य निर्वाचन केवल एउटा औपचारिक प्रक्रिया होइन, यो हाम्रो सामूहिक भविष्यतर्फको दिशानिर्देश हो । मतपत्रमा लगाइने एउटा चिन्हले नीति, प्राथमिकता र नेतृत्वको स्वरुप निर्धारण गर्छ । त्यसैले ढुक्क भएर, विवेकपूर्वक आफ्नो प्रतिनिधि छान्नसक्नु नै सचेत नागरिकताको परिचय हो । ढुक्क भएर मतदानको निर्णयका लागि पहिलो शर्त सूचना र जानकारी हो । उम्मेदवारको घोषणापत्र, विगतको काम, सार्वजनिक व्यवहार र मूल्य-मान्यताबारे मतदाताले बुझ्नु आवश्यक छ । भावनात्मक नाराभन्दा व्यवहारिक योजना, व्यक्तित्वको चमकभन्दा संस्थागत प्रतिबद्धता, र क्षणिक लोभभन्दा दीर्घकालीन लाभलाई प्राथमिकता दिनु बुद्धिमानी हुन्छ ।

निर्वाचनमा जीत-हार क्षणिक हुन्छहोला तर, गलत छनोटका परिणाम लामो समयसम्म तपाई हामी र हाम्रो समाजले भोग्नुपर्छ । प्रतिनिधि छान्दा हाम्रो साझा हितलाई केन्द्रमा राख्नुपर्छ । व्यक्तिगत लाभ, जातीय वा क्षेत्रीय संकीर्णताले लोकतन्त्र कमजोर बनाउँछ । शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन र वातावरणजस्ता विषयमा स्पष्ट दृष्टिकोण राख्ने उम्मेदवारले मात्र समावेशी विकासको आधार तयार गर्छ । प्रतिनिधिसभा बहस, कानून निर्माण र सरकारलाई जवाफदेही बनाउने थलो हो–त्यसका लागि तर्कशील, इमानदार र उत्तरदायी प्रतिनिधि अपरिहार्य छन् । मतहाल्नु मात्र होइन, मतदान प्रक्रिया नै सम्मानजनक र शान्तिपूर्ण बनाउनु सरकारको कर्तव्य हो । अफवाह, घृणात्मक भाषा र दबाबबाट टाढा रहँदै स्वतन्त्र निर्णय लिनु लोकतन्त्रको आत्मा हो । असहमतिलाई शालीनताका साथ स्वीकार्ने संस्कारले नै समाजलाई मजबुत बनाउँछ । अन्ततः, ढुक्क भएर प्रतिनिधि छान्नु भनेको आफ्नो आवाजमा विश्वास गर्नु हो । हामीले चुनेका प्रतिनिधि हाम्रो चाहना, पीडा र सपनाका संवाहक हुन् भन्ने कुरा बिर्सनु हुँदैन । त्यसैले आत्मसम्मान, जिम्मेवारी र आशाका साथ मतदान गरौं । आजको सचेत छनोटले निश्चित रुपमा भोलिको न्यायपूर्ण, समृद्ध र सुरक्षित समाजको ढोका खोल्छ । आज मतदान केन्द्रमा प्रवेश गर्दा यो विश्वास बोकेर जाऔँ–हाम्रो निर्णयले फरक पार्छ, र हामीले सही निर्णय गर्न सक्छौं । मकवानपुरमा राजनीतिक दल तथा स्वतन्त्र गरी ४४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सबै मतदान केन्द्रमा सुरक्षा निकाय परिचालन भइसकेको छ । निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने लक्ष्यसहित तयारी गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

निर्वाचनमा दुई हजार २४४ कर्मचारी खटिने छन् । जिल्लामा अति संवेदनशील, संवेदनशील र मतदान केन्द्र सामान्यरुपमा वर्गीकरण गरी सुरक्षा व्यवस्था गरिएको छ । मकवानपुरका १९ मतदानस्थललाई अति संवेदनशील सूचिमा राखिएको छ । सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा परेका हुन् । जिल्लाभर रहेका कुल १ सय ६७ मतदान स्थलमध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरीप्रवक्ता पुष्कर बोगटीकाअनुसार अतिसंवेदनशील सूचीमा परेका मतदानस्थलमा २६ मतदान केन्द्र रहेका छन् । सबैभन्दा धेरै बकैया गाउँपालिकामा ५ मतदानस्थल र ७ मतदान केन्द्र अतिसंवेदनशील रहेका छन् । राक्सिराङ गाउँपालिकामा ६ मतदानस्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा ५ मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र, मनहरी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा १ मतदानस्थल र १ मतदान केन्द्र अतिसंवेदनशील मानिएको छ । जिल्लामा ६० मतदानस्थल र १ सय २३ मतदान केन्द्र संवेदनशील सूचीमा राखिएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २२ गते शुक्रबार ६ मार्च २०२६ । तृतीया चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२६ सूर्यास्त ६:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# इजरायल-इरान तनाव र नेपाल : रेमिट्यान्स अर्थतन्त्रको संवेदनशीलता



✍ गुरुप्रसाद पौडेल

मध्यपूर्वी देशहरूमा देखिएको तनावले नेपालको आन्तरिक र वाह्य अर्थतन्त्रलाई असर पुऱ्याउन सक्ने देखिन्छ । तर, समग्र अर्थतन्त्रमा असर पर्नका लागि अमेरिका-इजरायल र इरानबीचको युद्ध कति समय लम्बिने भन्नेमा भर पर्छ । यो द्वन्द्व लामो समयसम्म गएको खण्डमा नेपालमा भित्रिने रेमिट्यान्समा असर परेर अर्थतन्त्र र श्रम बजारलाई क्षति पुऱ्याउने जोखिम छ । रेमिट्यान्स र आयातमा निर्भर अर्थतन्त्र भएकाले मध्यपूर्वबाट नपाल भित्रिने करिब ४१ प्रतिशत रेमिट्यान्स हिस्साले अर्थतन्त्रको चक्रलाई असर त गर्ने नै छ । त्यो भन्दा बढी मानवीय नोक्सानी समेत बेहोर्नु पर्ने जाखिम छ ।

पछिल्ला आर्थिक वर्षहरूको आधिकारिक तथ्यांकअनुसार नेपालमा भित्रिने कुल रेमिट्यान्स मध्ये करिब ४० देखि ४१ प्रतिशत हिस्सा मध्यपूर्व क्षेत्रबाट आउने गरेको छ । देशगत रूपमा हेर्दा साउदी अरेबिया र कतारको हिस्सा सबैभन्दा उच्च (करिब ११ देखि १२ प्रतिशत हाराहारीमा) र हेको छ । त्यसैगरी संयुक्त अरब इमिरेट्स ( युएई) बाट करिब ७ देखि ८ प्रतिशत र कूवेतबाट करिब ४ देखि ५ प्रतिशत रेमिट्यान्स भित्रिने गरेको देखिन्छ । अन्य गन्तव्य मुलुकहरू जस्तै मलेसिया, दक्षिण कोरिया, जापान तथा अन्य केही युरोपेली मुलुकहरू तर्फ क्षेत्रगत विविधीकरण क्रमशः बढ्दो भएता पनि, मध्यपूर्व क्षेत्र अझै पनि नेपालको श्रम गन्तव्य र विदेशी मुद्रा आपूर्तिको ठूलो आधार स्तम्भ बनेको छ । नेपालको आयात-निर्भर अर्थतन्त्र, चालु खाता सन्तुलन र विदेशी विनिमय सञ्चितिको स्थायित्वमा यस क्षेत्रबाट आउने रेमिट्यान्स योगदान निर्णायक रहँदै आएको छ ।

तर पछिल्ला महिनाहरूमा मध्यपूर्वमा विकसित भू-राजनीतिक तनाव, विशेषत: इजरइल र इरानबीचको द्वन्द्व तथा खाडी क्षेत्रमा बढ्दो सामरिक अस्थिरताले नेपालजस्ता श्रम-निर्यातकर्ता मुलुकलाई गम्भीर चिन्ता उत्पन्न गरेको छ । रेमिट्यान्स आप्रवाहमा खाडीमुलुकको मुख्य भूमिका हुनुमा यी देशहरू नेपालीका लागि श्रम गन्तव्यका प्रमुख रोजाइका क्षेत्र हुन् । सरकारी तथ्यांक अनुसार नै यूएईमा ९ लाख १५ हजार, साउदी अरबमा ३ लाख ८५ हजार, कतारमा ३ लाख ५८ हजार, कुवेतमा १ लाख ७५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, साइप्रसमा १७ हजार र ओमानमा २५ हजार नेपाली श्रमिक कार्यरत छन् । यसरी सरकारी तथ्यांकले नै करिव १८ लाखभन्दा बढी नेपाली युवा खाडीका विभिन्न मुलुकमा श्रमका लागि पुगेको देखाउँछ ।

पछिल्लो विकसित घटनाक्रमलाई केवल पेट्रोलियम पदार्थको मूल्य, होर्मुज नहर लगायतका व्यापारिक सामुद्रिक मार्गको अवरुद्ध तथा वित्तीय बजारको अस्थिरतामा मात्र सिमित गरी हेर्नु पर्याप्त हुँदैन । यसको प्रत्यक्ष प्रभाव लाखौं आप्रवासी श्रमिकहरूको जीवन र सुरक्षासँग गाँसिएको हुन्छ । मध्यपूर्वका अर्थतन्त्रहरू भौतिक पूर्वाधार निर्माण, आतिथ्य तथा सेवा क्षेत्रका परियोजनामा आधारित छन्, जहाँ ठूलो संख्यामा अर्धदक्ष र अदक्ष नेपाली श्रमिक कार्यरत छन् ।

यदि क्षेत्रीय द्वन्द्व चर्किँदै गयो वा सैन्य तनाव विस्तार हुँदै गयो भने त्यसले हाम्रा श्रमिकले काम गर्ने कार्यस्थल, तिनका आवास क्षेत्र र सार्वजनिक पूर्वाधार समेत जोखिममा पर्न सक्छन् । कामका लागि विदेसिएकालाई रित्तो हात घर फर्काउनु पर्दा हुने समस्याभन्दा मानवीय क्षति हुन पुग्यो भने रेमिट्यान्सको क्षतिभन्दा कैयौं गुणा पीडादायी बन्न सक्छ । त्यसो त भू-राजनीतिक तनावले सिर्जना गर्ने प्रभाव बहुआयामिक हुन्छ । प्रत्यक्ष रूपमा सुरक्षा जोखिम बढ्न सक्छ भने अप्रत्यक्ष रूपमा आपूर्ति शृंखला अवरुद्ध हुने, यातायात तथा हवाई उडान प्रभावित हुने, बैंकिङ तथा रेमिट्यान्स च्यानल अस्थायी रूपमा अवरुद्ध हुन सक्छन् । यस्तो अवस्थाले विदेशमा रहेका नेपाली श्रमिकहरूमा मानसिक त्रास, असुरक्षा र अनिश्चितता बढाउने मात्र होइन, स्वदेशमा रहेका उनीहरूको परिवारलाई पनि मानसिक तनाव तथा आय सुरक्षामा तत्काल असर पुऱ्याउन सक्छ ।

रेमिट्यान्स प्रवाहमा अल्पकालीन व्यवधान आए पनि त्यसको सामाजिक प्रभाव व्यापक हुन सक्छ । किनकि ग्रामीण अर्थतन्त्रको ठूलो हिस्सा नै रेमिट्यान्समा आधारित उपभोग र जीवनयापनमा निर्भर छ, बालबालिकाको शिक्षा स्वास्थ्यको मियो बनेको छ । समग्रमा नेपालको ग्रामीण गरिबी घटाउने एउटा मूल अस्त्र नै बनेको छ । नेपालको समष्टिगत अर्थतन्त्रका दृष्टिले पनि यस्तो अस्थिरताले संवेदनशीलता उजागर गर्छ । यदि खाडी क्षेत्रमा दीर्घकालीन तनाव रहिरह्यो वा रोजगारी अवसर घट्यो भने रेमिट्यान्स प्रवाहमा क्रमिक कमी आउन सक्छ, जसले चालु खाता सन्तुलन, विदेशी विनिमय सञ्चिति र विनिमय दर व्यवस्थापनमा दबाब सिर्जना गर्न सक्छ ।

यसका अतिरिक्त पेट्रोलियम पदार्थ आपूर्तिमा पर्ने समस्याका कारण मूल्यवृद्धिमा पर्ने दबाबले नागरिकको दैनिक जीवनलाई असहज बनाउन सक्छ । अझ गम्भीर अवस्था तब उत्पन्न हुन्छ जब ठूलो संख्यामा श्रमिक एकै पटक स्वदेश फर्किन बाध्य हुन्छन् । यसले घरेलु श्रम बजारमा बेरोजगारी चाप बढाउने, आय घटाउने र सामाजिक सुरक्षाको आवश्यकतालाई थप विस्तार गर्न दबाब दिन्छ । त्यसैले यो केवल बाह्य क्षेत्रको प्रश्न मात्र होइन, सामाजिक स्थिरताको विषय पनि हो ।

**भविष्यका लागि सोच्ने बेला पनि हो**

दीर्घकालीन रूपमा हेर्दा, यस घटनाक्रमले नेपाललाई संरचनात्मक सुधारतर्फ पुनर्विचार गर्न प्रेरित गर्छ । रेमिट्यान्स-निर्भर विकास मोडललाई जोखिमका रुपमा बुझ्दै सचेत बनाउन क्षेत्रगत तथा देशगत विविधीकरण अपरिहार्य छ । उच्च आय र स्थिर श्रम बजार भएका अन्य क्षेत्रतर्फ सिपयुक्त जनशक्ति विस्तार गर्न सकेमा जोखिम वितरण सम्भव हुन्छ ।

त्यस्तै, रेमिट्यान्सलाई केवल उपभोगमा सीमित नराखी उत्पादनशील लगानी, उद्यमशिलता र पूँजी निर्माणसँग जोड्न सकिएमा दीर्घकालीन वाह्य स्थिरता सुदृढ हुन सक्छ । अन्ततः दिगो समाधान भनेको स्वदेशमै पर्याप्त रोजगारी अवसर सिर्जना गरी श्रम आप्रवासनलाई बाध्यकारी नभई वैकल्पिक अवसर बनाउने नै हुनु पर्दछ । मध्यपूर्व नेपालको सबैभन्दा ठूलो रेमिट्यान्स स्रोत रहँदै आएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । तर इजरायल-इरान द्वन्द्वजस्ता घटनाले स्मरण गराउँछ कि उच्च भौगोलिक एकाग्रता दीर्घकालीन रूपमा जोखिममुक्त हुँदैन । आर्थिक स्थिरता अन्ततः मानव (नागरिक) सुरक्षामा आधारित हुन्छ नै ।

विदेशमा कार्यरत प्रत्येक नेपाली श्रमिकको जीवन सुरक्षित र सम्मानित भए मात्र रेमिट्यान्स प्रवाह दिगो रहन्छ, र त्यही आधारमा बाह्य क्षेत्र सुनिश्चित हुन्छ । त्यसैले वर्तमान भू-राजनीतिक परिवेशले नेपाललाई आर्थिक सूचकभन्दा पर गएर मानव-केन्द्रित, जोखिम-सचेत र विविधीकृत विकास रणनीति अवलम्बन गर्न प्रेरित पनि गरेको छ । अन्तमा, खाडी तनावको बहुआयामिक प्रभाव त छँदैछ तथापि तत्कालका लागि मानव-सुरक्षालाइ नै प्रधान रूपमा लिइनुपर्छ । विदेशमा कार्यरत नेपालीहरूको जीवन सुरक्षालाई कूटनीतिक रूपमा पनि प्राथमिकतामा राखिनु पर्छ । यो बेलामा श्रम गन्तव्य मुलुकहरूसँग निरन्तर संवाद, दूतावास तथा कन्सुलर सेवाको क्षमता अभिवृद्धि, आपतकालीन उद्दार संयन्त्रको पूर्वतयारी तथा रियल टाइम सूचना सम्प्रेषणको प्रभावकारी प्रणाली अत्यावश्यक छन् ।

साथै, खाडी क्षेत्रमा भारत, बंगलादेश लगायतका छिमेकी राष्ट्रका धेरै कामदार कार्यरत छन् । ती राष्ट्रहरू आफ्ना नागरिकप्रति उति नै संवेदनशील हुनुपर्ने भएकाले छिमेकी राष्ट्रसँगको समन्वय पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ ।

*साभार: अनलाइनखबर*

# निर्वाचनमा मुलुकले जितोस्, नागरिकले जितुन्

✍ शंकरनाथ काफ्ले

मुलुकमा बिहीबार निर्वाचन हुँदै छ । विभिन्न कोणबाट विभिन्न प्रश्नहरु उठाइए तापनि सरकार र निर्वाचन आयोगले शुरुको दिनबाट नै निर्वाचन गराउने लक्ष्यका साथ अघि बढिरहेको थियो । जनतामा देखिएको निर्वाचनप्रतिको आकर्षणले भोलि फागुन २१ गतेका दिनको निर्वाचन सम्भव भएको हो । निर्वाचनको प्रसंगमा राजनीतिक दलहरुले विरोधी वा विपक्षीहरुको जति नै उछितो काढे पनि निर्वाचनपछि राष्ट्रिय सहमति कायम गरेर मुलुकलाई स्थायित्व प्रदान गर्नुपर्ने कुरामा कोही पछि हट्न सक्दैनन्, यो विश्वास छ । हिजो निर्वाचनको मिति नजिकिँदै गर्दा त्यति नै मात्रामा राजनीतिक दलका नेताहरुको सक्रियता बढेको देखिन्थ्यो । मतदातालाई के भनेर आफूप्रति आकर्षित गर्ने र के भनेर अरुप्रति नकारात्मक भाव पैदा गराउने भन्ने अभियानमा प्राय: उम्मेदवार र तिनका समर्थकहरु लागिपरिरहेका थिए ।

अधिकांश राजनीतिक दलहरुले आ-आफ्नो तर्फबाट घोषणापत्र वा बाचापत्रहरु सार्वजनिक गरे पनि । राजनीतिक दलहरुले जारी गरेका घोषणापत्र धेरै मतदाताको हातहातमा पुग्न सकेन । कुन राजनीतिक दलको कस्तो बाचा वा प्रतिबद्धता रहेछ भनेर एउटा सचेत मतदाताले गाउँ घुम्दासमेत दस्तावेजहरु हात पार्न सकिरहेको अवस्था रहेन । यसकारण अधिकांश मतदाताले दलहरुको भावी नीति बुझेर मूल्यांकनसहित भोट खसाल्ने अवसरबाट वञ्चित हुनुपरिरहेको छ । घोषणापत्र वा बाचापत्रहरु अध्ययन गर्न पाउनु मतदाता शिक्षाको महत्वपूर्ण कडी मान्न सकिन्छ । तर मतदाताले सुनेको भरमा अर्थात् शून्यतामा नै मतदान गर्नुपर्ने अवस्था रह्यो । मतदाताको हातमा आफ्ना घोषणापत्र वा बाचापत्रहरु नपुऱ्याउनु दलहरुको कमजोरी मात्र होइन, मतदाताको अवमूल्यन पनि हो । आज पनि उनीहरुमा हामीले भनेपछि सकियो भन्ने अहं भाव बाँकी रहेको देखिन्छ ।

उम्मेदवारहरुले आफ्नो घोषणा वा बाचापत्र मतदाताको हातमा पुऱ्याउन नसकेपछि उनीहरुले मतदाताको ध्यान आफूप्रति आकर्षित गर्न अरुलाई गाली गर्ने अभ्यास रच्नुपर्ने हुन जान्छ । यसको लागि उनीहरुले आफूलाई कसरी उत्कृष्ट प्रमाणित गर्ने होला भन्नेमा भन्दा पनि अरुलाई कसरी कमजोर देखाउने भन्ने उद्देश्यले षड्यन्त्रका तानाबाना बुनिरहेका हुन्छन् । यसपालिको निर्वाचनमा निर्वाचन प्रचारप्रसारको लागि भन्दा पनि बढी जनतामा अनावश्यक भ्रम र अफवाहहरु फैलाउनको लागि महत्वपूर्ण माध्यम सामाजिक सञ्जाललाई बनाइएको पाइयो । सामाजिक सञ्जालको भरमा मात्र मतदाताले उम्मेदवारहरुको परीक्षण गर्नुपर्ने अवस्था रहँदा पक्कै पनि सही नेतृत्व नआउन पनि सक्छ । राजनीतिक दलहरुले जनतालाई झुक्याउन प्रयास गरे पनि जनता सचेत भइसकेका छन् । उनीहरुले विवेकपूर्ण निर्णय गरेका छन् भन्ने कुराको पुष्टि केही दिनमा प्रमाणित हुने नै छ ।

पक्कै पनि निर्वाचन भनेको जनताले आफ्नो भाग्य र भविष्य कोर्ने महत्वपूर्ण अवसर हो । निर्वाचनमा मतदान गर्नु जनताको कर्तव्य पनि हो । निर्वाचनमा मतदान गर्न चुक्दा हामीले हाम्रो भविष्यमाथि खेलबाड गरिरहेका हुन्छौं । निर्वाचनलाई प्रजातन्त्रको इन्जिन मानिन्छ । इन्जिनमा लापरबाही गरियो भने जसरी मोटर गाडी बिग्रन्छ त्यसै गरी निर्वाचनमा मतदाताले लापरबाही गरे भने जनताको मात्र होइन मुलुककै भविष्य जोखिममा पर्ने गर्दछ । यसको लागि मतदाता शिक्षा व्यापक बनाइनुपर्दथ्यो, तर मतदाता शिक्षा कार्यक्रमलाई पनि पर्याप्त ध्यान दिएको देखिएन । हाम्रो विगतको मतदान कार्यको समीक्षा गर्ने हो भने पनि एउटा बुथमा नै सयौंको संख्यामा मत वदर भइरहेको अवस्था देखिन्थ्यो । कैयौं मतदाताले कसरी मतदान गर्नुपर्दछ भनेर सामान्य जानकारी पनि प्राप्त नभएको अवस्था थियो ।

मतदाता शिक्षाको अभावको कारण कैयौं मतदाताले आफ्नो घरमा जो-जो मत माग्न आए ती सबैको निर्वाचन चिह्नमा छाप लगाएर आफ्नो मत बदर गराएको अवस्था देखिन्थ्यो । कैयौं मतदाताले आज पनि ल्याप्चे छाप लगाइदिने, निर्धारित कोठाको दायाँ-बायाँ स्वस्तिक लगाइदिने गरेको देखिन्छ । कतिपय अवस्थामा पार्टी समर्थित कार्यकर्ताहरुले मत दिँदा यो चिह्नमा छाप लगाउनुपर्छ भनेर सिकाउने गरेका हुन्छन् । त्यो अवस्थामा सिक्ने मतदाताले भनेको ठाउँमा पनि छाप लगाउने र आफ्ना मनपर्ने उम्मेदवारको चिह्नमा पनि छाप लगाउने गरेको देखिन्छ । यसकारण समग्रमा ५ देखि १० प्रतिशतसम्म पनि मत बदर भएको यथार्थ हामीले भोग्नु परिरहेको छ । पक्कै पनि मतदान कुनै लहड होइन, यो विवेकको परीक्षा हो । मतदातालाई सही तरिकाले मत दिन सिकाउने निर्वाचन आयोगको जिम्मेवारी हो । तर त्यसलाई प्रभावकारी बनाउन सकेको देखिएन । यसको परिणाम यस निर्वाचनमा पनि ठूलो संख्यामा मत बदर हुने सम्भावना देखिएको छ ।

हाम्रो निर्वाचन प्रणालीले कुनै एक दललाई स्पष्ट बहुमत ल्याउन मुस्किल बनाएको छ । कुनै दलले बहुमत हासिल गर्न सकेन भने हिजोकै जस्तो मिलिजुली सरकार बनाउनुपर्ने अवस्था सृजना हुन्छ । मिलेर मुलुक बनाउने हो भन्ने उद्देश्य राखेर मुलुक र जनताको भलो चिताउने दल अग्रपंक्तिमा आए त समस्या कम होला, नत्र हिजोको जस्तो अस्थिर सरकार निर्माण हुन गई काम गर्न नसक्ने अवस्था आयो भने जनतामा वर्तमान व्यवस्थाप्रति बाँकी रहेको विश्वास पनि समाप्त भएर जानेछ । तसर्थ जिम्मेवार दल र तिनका नेताहरुमा मुलुकप्रतिको निष्ठा र जिम्मेवारी विकास हुने पर्दछ । पक्कै एकपटक विचारभन्दा माथि मुलुकलाई राखेर हेर्नुपर्ने हुन्छ ।

निर्वाचनमा मतदान गर्नुअघि मतदाताको एक प्रकारको दायित्व हुन्छ तर निर्वाचन सकिएपछि ५ वर्षको लागि राजनीतिक दल र तिनका नेताहरुले आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । पक्कै पनि मतदान गर्नुअघि मतदाताले कसको घोषणापत्र वा दस्तावेजहरु कस्ता छन् ? ती घोषणापत्र वा दस्तावेजहरुमा लेखिएका कुरा पालना गर्न सक्ने क्षमता कसमा कस्तो छ ? भन्ने अध्ययन गर्नुका साथै आफूले छनौट गर्न खोजेको उम्मेदवारको चरित्रसमेतको विश्लेषण गरेर मतदान गर्नुपर्ने हुन्छ, अर्थात् विवेकको नै प्रयोग गर्नुपर्ने हुन्छ । तसर्थ मुलुकको भविष्य कता लाने भन्ने जिम्मेवारी स्वतन्त्र सार्वभौम नेपाली जनताको विवेकमा अडिएको छ । मतदातामा विवेकको परिपक्वता बढाउन पनि सहकारी शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विडम्बना नै मान्नुपर्ने हुन्छ कि यसपालि पनि सम्बन्धित निकायले सहकारी शिक्षालाई प्रभावकारी बनाउन सकेन ।

करिव २ वर्षअघि सम्पन्न हुने यो निर्वाचनले थुप्रै खाले परिवर्तन र सुधारको अपेक्षा गरेको छ । त्यसको लागि नागरिकले आफ्नो मत जाहेर गर्दै छन् । भोलि प्राप्त हुने परिणामले परिवर्तनलाई आत्मसात् गर्न सक्छ कि सक्दैन, त्यो हेर्नु आजको आवश्यकता बनेको छ । बदलिँदो परिस्थितिसँगै जेनजी आन्दोलनको भावनालाई समेत सम्मान गर्न सक्ने सक्षम र इमानदार नेतृत्वको आवश्यकता देखिएको छ । जेनजी भावनाको कसले सम्मान गर्दछ, त्यसतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ । जेनजी आन्दोलन भाद्र २३ र २४ गते घटेको घटना मात्र थिएन, वर्षौं अघिदेखिको नेपाली जनताले राज्यबाट राखेको अपेक्षा र गरेको चाहना थियो । नेपालमा प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र आए पनि जनताको भावनाको पूर्ण सम्मान हुने गरी कार्य गर्न सकेको देखिएन । कार्य गर्न नसक्नु एउटा पाटो होला तर जनभावनालाई तहसनहस पार्नु गम्भीर भूल बनेको छ । आम नेपालीको चाहना भ्रष्टाचारको पूर्ण नियन्त्रण गरेर मुलुकमा सुशासन बहाली गरी समृद्धिको मार्गमा लगिदिए हुन्थ्यो भन्ने थियो । अब प्रसंग बदलिएको छ । नयाँ निर्वाचनले नयाँ नेतृत्व जन्माउनेछ । राजनीतिक दलहरुको घैंटोमा केही घाम पनि लागिसकेको छ । यो अवस्थामा जनताले बढी विश्वास गरेको दलका नेतालाई अन्य दलले पनि साथ दिएर आगामी ५ वर्ष ढुक्कले सरकार चलाउन सक्ने वातावरण बनाउनुपर्दछ । भलै सरकार गठन हुनुअघि राष्ट्रिय सहमति निर्माण गरी ५ वर्षको लागि राष्ट्रिय रोडम्याप तयार गर्नु किन नपरोस् ।

आज संविधान उही छ, कानून उही छ, नीति उही छ तर पनि मुलुकले परिवर्तन खोजेको छ । परिवर्तनकै लागि संसद्को निर्वाचन भएको छ । हुन त परिवर्तन भनेको राजनीतिक दलको परिवर्तन पक्कै होइन होला, राजनीतिक दलमा भएका नेताहरुको सोचमा परिवर्तन खोजिएको हो । जेनजी आन्दोलनपछि केही नेताहरुमा पक्कै जिम्मेवारीपन जागेर परिवर्तन आउँदै गरेको पनि देखिएको छ । यो परिवर्तनको सन्देश उनीहरुले जनभावनाअनुसारको कार्य गरेर जनतालाई विश्वास दिलाउनमा प्रयोग गर्न सक्नुपर्दछ । हिजो हामी जुन ढंगबाट अघि बढिरहेका थियौं, त्यसमा सुधार गरेर हामीले हाम्रो अवस्था परिवर्तन गर्नुपर्दछ । सुधारको नाममा धेरै पटक व्यवस्था परिवर्तन गरियो । अव अवस्था परिवर्तन एउटा मात्र लक्ष्य हुनुपर्दछ । यसको लागि सही नेतृत्व मात्र होइन, संविधान संशोधन गर्न सक्ने आधारसमेत सुनिश्चित गरि दिनुपर्ने भएको छ । आज संविधान संशोधन अपरिहार्य भइसकेको छ । वर्तमान संविधानको केही व्यवस्थाहरुका कारणले मुलुकमा स्थायित्व प्रदान गर्न सक्दैन भन्ने देखिएको छ ।

मतदानकै करा गर्दा मतदातालाई कसरी भोट हाल्ने भनेर त सिकाइन्छ तर मतदाताहरुले कसलाई किन भोट हाल्ने भन्ने प्रश्न आफूमा जगाएर विवेक जगाउन पनि सिकाउनुपर्ने हुन्छ । आफ्नो मतको महत्व के छ भनेर मतदाताले बुझ्नुपर्ने हुन्छ । मतको महत्व नबुझी मतदान गर्दा सही प्रतिनिधिको छनौट हुन सक्दैन । मतदाता जिम्मेवार बन्नुपर्दछ । आज पनि मतदातालाई दुई-चार पैसाको लागि, मासु-भात वा चमेनाको लोभमा वा कुनै व्यक्तिगत आश्वासनको लागि भोट दिने गरेको भनी लाञ्छना लगाउने गरिएको पाइन्छ । यस्ता कमजोरीबाट सम्पूर्ण मतदाता माथि उठ्न सक्नुपर्दछ । जिम्मेवार मतदाता कसरी बन्ने भन्ने शिक्षा पनि मतदाताले पाउनुपर्ने हुन्छ । हाम्रो नातागोताको, हाम्रो सम्वन्धको, हाम्रो चिनजानको, हाम्रो छिमेकको नाता जोडेर मतदान गर्दा पनि गलत नेतृत्व आउन सक्छ । यो निर्वाचनमा सुधार गर्नुपर्ने कुराहरुमा केही सुधार गरियो पनि, तर अर्को निर्वाचनसम्म पुग्दा मतदाताले समेत आफूमा धेरै सुधार गर्नुपर्ने हुन्छ । त्यस्तो वातावरण निर्माण गरिनुपर्दछ । लोकतन्त्रको मेरुदण्ड भनेको नै निर्वाचन हो । निर्वाचन भनेको स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित, विवेकपूर्ण निर्णयमा हुनुपर्दछ ।

वास्तवमा भन्ने हो भने, मतदान गर्दा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिह्नमा कसरी छाप लगाउनुपर्छ, स्वस्तिक चिह्नको प्रयोग कसरी गर्नुपर्छ, कति ठाउँमा छाप लगाउनुपर्छ, के-के गरियो भने आफ्नो मत बदर हुन्छ ? आदि कुराहरु मात्र बुझेर मतदाता शिक्षाको औचित्य पूरा हुँदैन । मतदान गर्नु भनेको रमाइलो गर्नु होइन, यो कुनै जात्रा वा पर्व पनि होइन, यो नागरिकको जिम्मेवारी हो । नागरिकले आफ्नो सार्वभौमसत्ताको प्रयोग नै निर्वाचनको माध्यमबाट गर्ने गर्दछ भन्ने वास्तविक शिक्षा जगाएपछि मात्र वास्तवमा निर्वाचनको वास्तविक महत्व स्थापित हुनेछ । तसर्थ निर्वाचन शिक्षा निर्वाचन विधिसँग मात्र होइन, विवेकसँग पनि जोडेर अगाडि बढाउन सक्नुपर्छ, तब मात्र मुलुकले निकास पाउनेछ, मुलुकले जित्नेछ, नागरिकले जित्नेछन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# के दल र उम्मेदवारका प्रतिनिधिलाई झुक्याएर मतपेटिका साट्न सम्भव हुन्छ ?

काठमाडौं/निर्वाचनका क्रममा कतिपय दलका नेता एवं उम्मेद्वारहरूले मतपेटिका साटिने गरेको आरोप लगाउँछन् । विगतका निर्वाचनमा बारम्बार प्रकट हुने यस्ता अभिव्यक्ति यसपटक पनि रोकिएन । यसपाली त नेपाली सेनाले नै मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका ओसार्ने हल्ला चलेपछि कतिपय उम्मेद्वारहरूले 'आफ्ना कार्यकर्ताहरूले आँखा झिम्म नगरी चनाखोपन अपनाउने र खबरदारी गर्ने' प्रतिक्रिया दिए ।

निर्वाचनको निष्पक्षता र स्वच्छतामा नै प्रश्न उठ्ने गरी हुने यसखालका टिका टिप्पणीबारे हामीले निर्वाचन आयोगका अधिकारीहरूलाई सोधेका छौं । मतदान हुनु अघिदेखि मतगणनासम्म विभिन्न सुरक्षा र विश्वसनियताका उपाय अपनाइने भन्दै उनीहरूले मतपेटिका साटिन सम्भव नै नभएको बताए ।



निर्वाचन आयोगका अधिकारीहरू मतपेटिका साटिन्छ कि भनेर शंका गर्नुपूर्व मतपेटिका, त्यसको सुरक्षा र मतदान शुरू गर्नुअघिको कार्यविधी जान्नुपर्ने बताउँछन् । उनीहरूका अनुसार, विभिन्न चरणमा अपनाइने सुरक्षा प्रोटोकलका कारण मतपेटिका साटिनु त टाढाको कुरा, उस्तै मतपत्र बनाउन समेत सम्भव हुँदैन ।

### मतपत्रमा सुरक्षा फिचर

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी मतदान केन्द्रमा तोकिएको संख्यामा मात्रै मतपेटिका र मतपत्र पुग्ने भएकाले नक्कली काम गर्ने मौकै नहुने बताउँछन् । उनका अनुसार, मतदान केन्द्रहरूमा तोकिएको संख्यामा मात्रै मतपत्र जान्छ । अर्कोतर्फ मतपत्रमा सुरक्षा संयन्त्र र कोड समावेश गरिएको हुन्छ ।

'वास्तविक मतपत्र सुरक्षा घेराभित्र छपाई हुन्छ । आयोगमा रहेका कर्मचारी र निर्वाचन अधिकृतहरूले समेत मतपत्र कस्तो छ भन्ने हेर्न पाएका हुँदैनन्' उनी भन्छन्, 'मतदान अधिकृतकोमा पुगेपछि मतदान गर्ने बेलामा मात्रै मत रहेको पोको खुल्छ । चलखेलको मौकै रहँदैन ।' निर्वाचन आयोगले निर्वाचन अधिकृतहरूलाई मात्रै मतपत्रको सुरक्षा कोड पठाउँछ, त्यसका आधारमा निर्वाचन अधिकृतहरूले मतपत्र सक्कली हो कि नक्कली सहजै थाहा पाउँछन् । तर मतपत्र छाप्नेदेखि मतगणना गर्ने ठाउँसम्म सिलसिलेवार रुपमा मिलेमतो गर्दा समेत बाहिरी व्यक्तिले उस्तै खालको नक्कली मतपत्र छाप्न सक्दैन ।

### मतपेटिकामा हुन्छ, सिल

निर्वाचन आयोगका अधिकारीहरूका अनुसार, मतपेटिकामा दुईथरी बिर्को हुन्छ । एउटा ठूलो विर्को पुरै खोल्न मिल्छ । बिर्कोमा नै अर्को सानो प्वाल हुन्छ, जहाँबाट मतदाताले छाप लगाएको मत खसाउन मिल्छ, तर त्यहाँबाट मत निकाल्न नमिल्ने गरी बनाइएको हुन्छ । मुख्य बिर्कोमा चारवटा सिल लगाउन मिल्छ । मतपत्र घुसार्ने सानो प्वालको बिर्कोमा पनि अर्को सिल लगाउन मिल्छ ।

शुरूको मतदान गर्नुअघि सम्भव भएसम्म सबै दलका प्रतिनिधिहरूलाई साथमा राखेर मतदान अधिकृतले रित्तो मतपेटिका घोप्टो पार्छन, ताकी मतपेटिकामा पहिले केही राखेको भए खसोस् र रित्तो भएको सुनिश्चित होस । त्यसपछि बिर्को लगाइन्छ र बिर्कोमा चारवटा सिल लगाइन्छ । निर्वाचन आयोगले मतपेटिकामा लगाउने सिल प्लाष्टिकको हुन्छ । सिल लगाएर तानेपछि त्यो कसिन्छ, तर फुस्काउन मिल्दैन । सिल तोड्नका लागि कैचीले सिलको बाहिरको भाग काट्नुपर्छ । हरेक सिलमा नदोहोरिने सिरियल नम्बर हुन्छ । कुनैपनि सिलको सिरियल नम्बर दोहोरिँदैन । दलका प्रतिनिधिले सिल लगाएपछि मुचुल्कामा हस्ताक्षर गर्नुपर्छ । त्यसक्रममा सिलको सिरियल नम्बर पनि मुचुल्कामा लेखिन्छ । उनीहरूले चाहेमा मुचुल्काको फोटो खिचेर लैजान पाउँछन् । बिहान ७ बजेदेखि मतदान हुदा मतपेटिकाको मुख्य बिर्को सिलबन्दी गरिएको हुन्छ र माथिबाट पट्याएको मतपत्र खसाल्ने प्वाल मात्रै खुला हुन्छ, त्यहाँबाट मतपत्र निकाल्न मिल्दैन ।

### साथमै रहन्छन्, उम्मेदवारका प्रतिनिधिहरू

बेलुकी ५ बजे मतदान सकिएपछि मतदान अधिकृतले सबै दलका प्रतिनिधीहरूलाई बोलाउँछन् । उनीहरूको प्रत्यक्ष उपस्थितीमा मतपेटिकाको बिर्कोमा रहेको मत खसाल्ने प्वालमा पनि अर्को सानो बिर्को लगाएर सिलबन्दी गर्छन । पुरै सिलबन्दी भएको मतपेटिका सुरक्षाकर्मीको घेराभित्र रहने मतदान अधिकृतको जिम्मामा रहन्छ । दलका नेताहरूले मतदान हुने ठाउँदेखि निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिका लैजाँदा धाँधली हुने, मतपेटिका साटिने आशंका गर्दै अभिव्यक्ति दिएका हुन्छन् ।

मतदान अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा लगेर सिलबन्दी भएको मतपेटिका र मुचुल्का बुझाउँछन् । निर्वाचन आयोगले सम्भव भएसम्म दलका प्रतिनिधीहरूलाई पनि मतपेटिकाका साथमा लैजाने व्यवस्था मिलाउनु भनेको हुन्छ । व्यहारिक रुपमा सम्भव नहुने र धेरै उम्मेद्वार भएका ठाउँमा दलका प्रतिनिधीहरू मतपेटिका बोलेका सवारीसाधनसँगै अर्को सवारी साधनमा बसेर आउने व्यवस्था हुन्छ । दुर्गममा हेलिकप्टरबाट मतपेटिका ओसार्दा समेत आयोगले दलका प्रतिनिधीहरूलाई सम्भव भएसम्म साथमा लैजान निर्देशन दिएको हुन्छ । मतदान अधिकृतले बुझाएका मतपेटिकाहरूलाई निर्वाचन अधिकृतले एकैठाउँमा संकलन र भण्डारण गरेर राखेका हुन्छन् ।

ती मतपेटिका रातभर राख्नुपरेमा कोठाका सबै झ्याल र प्वालहरू बन्द गरिन्छ अनि ढोका लगाएर सिलबन्दी गर्ने चलन हुन्छ । त्यसमा पनि विश्वास नगर्ने पक्षको प्रतिनिधीलाई ढोकाबाहिर सुरक्षाकर्मीको छेवैमा बस्ने वा सुत्ने व्यवस्था गरिदिने अभ्यास छ । सबैतिरबाट मतपेटिका संकलन भएपछिमात्रै मतगणनाको काम शुरु हुन्छ । मतपेटिकाको बिर्कोको सिल तोडनुअघि शुरूको मुचुल्कामा लेखेको नम्बर र सिलमा रहेको सिरियल नम्बर रुजु गरिन्छ । त्यसपछि दलका प्रतिनिधीहरूको रोहवरमा मतपेटिकाबाट मतपत्र निकालेर गणनाको शुरु हुन्छ ।

### सैनिकहरूले सुरक्षा मात्रै दिन्छन्, मतपेटिका बोक्दैनन्

यसपाली कतिपयले मतदान स्थलबाट मतगणनास्थलसम्म मतपेटिका ओसार्ने काममा नेपाली सेना परिचालन हुने भनी सन्देश प्रवाह गरे । कार्यबाहक प्रमुख निर्वाचन आयुक्तदेखि गृहमन्त्रीसम्मले संचार कर्मसिँगको प्रतिक्रियामा मतपेटिका ढुवानीका बेला सुरक्षाको बाहिरी घेरामा नेपाली सेना रहने भएपछि मतपेटिका ओसार्ने काममा नै संलग्न नहुने स्पष्ट पारेका छन् ।

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीका अनुसार, मतपेटिका सुरक्षित गर्ने प्रयोजनका लागि नेपाल प्रहरीका सुरक्षाकर्मीहरू रहन्छन् । 'मतपेटिका बन्द गर्ने क्रममा नेपाली प्रहरीका सुरक्षाकर्मीहरू उपस्थित हुन्छन् । सशस्त्र प्रहरी बल र नेपाल प्रहरी त्यहाँ रहदैनन्' उनी भन्छन्, 'मतपेटिकालाई निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याउने क्रममा तीन तहमा सुरक्षाकर्मीहरूले घेरेर सुरक्षा दिनुपर्नेहुन्छ । मतपेटिका र नेपाली सेनाको कुनै सम्बन्ध नै हुदैन ।'

गृहमन्त्री ओमप्रकाश अर्याल पनि मतपेटिका राखिएको गाडीमा मतदान अधिकृत, नेपाल प्रहरी र उम्मेद्वारका प्रतिनिधिहरू मात्रै रहने बताउँछन् । उनका अनुसार, त्यो गाडीमा एकभन्दा बढी उम्मेदवारका प्रतिनिधिहरू रहने भएकाले धाँधली वा चलखेलको शंका गर्नुपर्ने अवस्था नै रहँदैन । उनले संचारकर्मसिँगको कुराकानीमा भने, 'मतपेटिका बोकेको यो गाडीलाई सशस्त्र प्रहरी बलको गाडीले स्कटिङ गर्ला । त्यतिले नपुगेर नेपाली सेनाले पनि स्कटिङ गर्ला । सुरक्षा त दिनुपऱ्यो, हैन र ?'

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी मतपत्र छपाईदेखि मतपेटिकामा हुने सिलबन्दी अनि उम्मेदवारहरूका प्रतिनिधिहरूको उपस्थितीले गर्दा चलखेल र धाँधलीको सम्भावना नै नहुने बताउँछन् । 'मतपत्र बाहिर छापिन सम्भव नै छैन । कसरी नक्कली मतपत्रबाट मतदान हुने ? दलका प्रतिनिधिहरूको उपस्थितीमा कहाँबाट सिलबन्दी भएको मतपेटिका सार्ने ?' कार्यबाहक प्रमुख आयुक्त भण्डारी भन्छन्, 'जुन प्रश्न गर्नुभयो, नेपालका निर्वाचनहरूमा पहिले पनि बारम्बार चल्ने हल्लाहरू हुन् । यिनमा शुन्य प्रतिशत पनि सत्यतता छैन ।'

(स्रोत: अनलाइनखबर)

# गृहथलो फर्किए कलाकार, कसले कुन ठाउँबाट गर्दैछन् मतदान ?



काठमाडौं/ प्रतिनिधिसभा निर्वाचन बिहीबार देशभर हुँदैछ । निर्वाचन आयोगले मतदानको समय बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म तोकेको छ । भोट हाल्न अधिकांश कलाकार गृहथलो पुगिसकेका छन् भने केही जाने क्रममा छन् ।

केही कलाकार भने कार्यव्यस्तता वा अन्य कारणले यसपटक मतदान गर्न नपाउने अवस्थामा छन् । तर चुनावप्रति कलाकारमा उत्साह देखिएको छ । संचारकर्मसिँगको कुराकानीमा धेरैले चुनावप्रति आफ्नो आशा र उत्साह व्यक्त गरेका छन् ।

अभिनेता हरिवंश आचार्यले काठमाडौं-५ को बुढानीलकण्ठस्थित मतदान केन्द्रबाट भोट हाल्ने भएका छन् । २०३६ सालदेखि मतदान गर्दै आएका उनले लगभग हरेक चुनावमा भोट हालेको अनुभव सुनाए । यसपटकको चुनावलाई लिएर उनी उत्साहित देखिए । 'यसपटक प्रतिस्पर्धा बढी देखिन्छ । युवाहरू पनि अघि बढेका छन् । पहिले जस्तै एउटै अनुहार मात्र देखिने अवस्था कम भएको छ' उनले भने, 'यो चुनावले भ्रष्टाचार नियन्त्रण होस्, देशमै रोजगारी सिर्जना होस् र दण्डहीनताको अन्त्य होस् भन्ने जनताको अपेक्षा छ ।'

गायिका आस्था राउत काठमाडौं-१ की मतदाता हुन् । यो उनको दोस्रो मतदान अनुभव हुनेछ । यो चुनावले बेथिति हटाउने र भ्रष्टाचार नियन्त्रण गर्न मद्दत गर्ने आशा आफूले राखेको उनले बताइन् । 'राजनीतिमा भइरहेको 'म्युजिकल चेयर' को अन्त्य हुनुपर्छ भन्ने मेरो सोच हो' आस्थाले भनिन्, 'त्यसो भए सम्पूर्ण नेपाली नागरिकका लागि राम्रो हुन्छ । मतको सदुपयोग होस् र परिवर्तन आउन सकोस् ।' उनले आगामी चुनावदेखि जहाँ बसे पनि त्यहींबाट मतदान गर्न पाउने व्यवस्था हुनुपर्ने धारणा पनि राखिन् ।

हास्यकलाकार मनोज गजुरेलले भक्तपुरको सूर्यविनायक-२ बालकोटस्थित बालविनायक स्कुल केन्द्रबाट मतदान गर्नेछन् । २०५२ सालदेखि भोट हाल्दै आएका उनले यसपटकको निर्वाचनलाई विशेष रुपमा लिएको बताए ।

निर्देशक तथा अभिनेत्री दीपाश्री निरौलाले मोरङ-६ को बालिका मावि केन्द्रबाट मतदान गर्ने भएकी छन् । मतदानकै लागि उनी गृहथलो पुगेकी हुन् । अहिले विराटनगरमा गर्मी बढ्दै गएको छ । त्यसैले बुवाआमालाई लिएर बिहानै मतदान केन्द्र पुग्ने उनले बताइन् ।

'बुवाआमालाई लिएर बिहानै भोट हाल्न जाने सोच बनाएको छु । माहोल पनि बुझ्ने र हेर्ने,' उनले संचारकर्मसिँग भनिन् । दीपाश्रीले यसअघि २०७९ सालको संसदीय चुनावमा पनि मतदान गरेकी थिइन् ।

'नेपथ्य' ब्यान्डका गायक अमृत गुरुङ पनि मतदानका लागि गृहथलो पोखरा पुगिसकेका छन् । कास्कीको पुम्दीभुम्दीस्थित ओखलेडाँडा मतदान केन्द्रबाट उनले मतदान गर्नेछन् । सिन्धुलीमा कन्सर्ट सकेर उनी सोझै पोखरा पुगेका हुन् ।

कति पटक भोट हाले भन्ने ठ्याक्कै याद नभए पनि, भोट हाल्न थालेपछि कुनै पनि चुनाव नछुटाएको अमृत बताउँछन् । चुनावपछि 'नेपथ्य' ब्यान्ड क्यानडा टुरको तयारीमा व्यस्त हुनेछ ।

अभिनेत्री केकी अधिकारीले काठमाडौं क्षेत्र ३ अन्तर्गतको मुलपानीस्थित ग्रीन हिलसिटी हाउजिंग नजिकको केन्द्रबाट मतदान गर्दैछिन् । संसदीय निर्वाचनमा यो उनको दोस्रो अनुभव हुनेछ ।

यसपटकको चुनावलाई लिएर आफूमा उत्साह र डर दुबै रहेको केकीले बताइन् । 'मलाई यसपटक अनौठो लागेको छ । सँगसँगै परिवर्तनको पक्षमा हामी छौं जस्तो महसुस भएको छ' उनले भनिन्, 'उत्साह र डर दुबै छ । यसपटकको भोट एकदमै सोचेर गर्नुपर्ने जिम्मेवारी पनि छ ।'

अभिनेता विपिन कार्की पनि मतदानका लागि गृहथलो विरटनगर पुगेका छन् । उनी मोरङ-३ का मतदाता हुन् । 'यसपटकको चुनावलाई लिएर उत्साहित छु,' उनले भने, 'राम्रा उम्मेदवारले जितून् भन्ने चाहना छ ।'

अभिनेता राजेश हमालले काठमाडौंको लैनचौरस्थित कन्या हाइस्कुल केन्द्रबाट मतदान गर्नेछन् । उनले लामो समयदेखि यही केन्द्रबाट भोट हाल्दै आएका छन् ।

दीपकराज गिरी काठमाडौं-९ का मतदाता हुन् । उनले आफ्नो पुर्ख्यौली थलो चन्द्रागिरी नगर पालिका-१ दहचोकबाट मतदान गर्ने बताए । 'यसपटक पार्टी र विचार भन्दा माथि उठेर भोट हाल्नेछु,' उनले भने ।

भुवन केसी र अनमोल केसीले सिनामंगलस्थित केन्द्रबाट मतदान गर्नेछन् । अभिनेता निर्मल शर्माले सिफलस्थित हिमालय विद्यामन्दिर केन्द्रबाट भोट हाल्नेछन् भने रेखा थापाले चावहिलस्थित पशुपति क्याम्पस केन्द्रबाट मतदान गर्नेछिन् ।

मिस नेपाल लुना लुइँटेलले नयाँ बानेश्वरस्थित केन्द्रबाट मतदान गर्दैछिन् ।

अभिनेता प्रदीप खड्काले भने यसपटक मतदानको अवसर गुमाउने भएका छन् । उनी यतिबेला चितवनमा आफ्नो फिल्म 'ऐरी' को छायांकनमा व्यस्त छन् । उनी ललितपुर-३ का मतदाता हुन् ।

'राम्रो व्यक्ति जितोस् भन्ने चाहना छ । पार्टीलाई पनि सचेत गराउन सक्ने उम्मेदवारले जित्नुपर्छ,' उनले भने । प्रदीप अझै करिब ७० दिन 'ऐरी' को छायांकनमा व्यस्त रहनेछन् ।

अभिनेता दयाहाङ राईले पनि मतदान गर्ने बताएका छन्, तर कुन केन्द्रबाट भोट हाल्ने भन्ने खुलाएका छैनन् । 'बिहानैदेखि कहाँबाट भोट हाल्ने भनेर फोन आइरहेका छन्,' उनले भने, 'अहिलेलाई मतदान केन्द्र सार्वजनिक नगर्ने सोचमा छु ।'

कतिपय कलाकार भने विदेश भ्रमणमा रहेकाले यसपटक मतदानको अवसर गुमाउने भएका छन् ।

(स्रोत: अनलाइनखबर)

# मतदान प्रतिशत बढ्ने र बदर मत घट्ने अपेक्षा

काठमाडौं/यसपटकको निर्वाचनमा मतदान गर्ने मतदाताको संख्या बढ्ने अनुमान छ । निर्वाचन आयोगले मतदाताहरूमा बढेको जागरुकतालाई प्रमुख आधार मानेको छ । आयोगका अनुसार, बदर मतको अनुपात पनि घट्नेछ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी भन्छन्, 'यसपाली मतदान गर्ने मतदाताहरुको संख्या बढ्छ र बदर मत पनि धेरै कम हुन्छ ।'

मतदान प्रतिशत बढ्ने र बदर मत घट्ने अनुमानको आधार दिँदै उनी थप्छन्, 'निर्वाचनको पूर्वसन्ध्यामा विशेष सहजीकरण गरेर अध्यादेश मार्फत मतदाता नामावली संकलन भएको हो । त्यसमा अधिकांश युवा छन् ।' उनीहरुमा पहिलेका निर्वाचनमा उतिसाह्रो जाँगर र उत्सुकता थिएन । अहिले युवा जोडिएर आएका छन् र मतदानमा सहभागी भएर मुलुकमा सुशासन प्रवाह गराउन चाहन्छन् ।

निर्वाचन आयोगका अधिकारीहरूका अनुसार जेनजी आन्दोलनपछि मतदाता नामावलीमा नाम दर्ता गर्नेहरूमा बढोत्तरी भएको थियो । यसलाई आयोगले युवामा आएको जागरुकताको रुपमा अर्थ लगाएका हुन् । गत कात्तिक १६ गतेसम्म मतदाताको संख्या एक करोड ८१ लाख, ६८ हजार २३० जना रहेको थियो । तर, त्यसमा धेरै जेनजी मतदाता छुटेको भनेर माग भएपछि सरकारले अध्यादेश ल्यायो ।

अध्यादेशअनुसार ९ असोजदेखि ५ मंसिरसम्म मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक गरिएको थियो । त्यो अवधिमा झण्डै १० लाख मतदाता थपिएका हुन् । यसपटक युवा पुस्तामा रहेको जागरुकताले भोट हाल्न अनिच्छा गर्नेलाई समेत मतदानमा सहभागी गराउँदैछ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी भन्छन्, 'युवाको संख्यात्मक उपस्थितिले के देखाउँछ भने उहाँहरुले घरघरमा, टोलटोलमा, ढोकाढोकामा गएर मतदाता शिक्षा दिनुभएको छ ।'

विगतमा शिक्षाका कारणले समेत कम मत खस्ने र खसेको मतमा रहेका बदर हुने गरेको अनुभव सुनाउँदै भण्डारी भन्छन्, 'अहिले ग्रामिण इलाका वा पिछरिएको क्षेत्रमा रहेका मतदाताहरु पनि पूर्ण शिक्षित भइसक्नुभयो । उहाँहरुले बडो सचेतनापूर्ण ढंगबाट मतपत्र बदर नहुने गरी मतदान गर्नुहुन्छ ।'

यसका अलावा मतदान प्रयोजनको लागि सबैभन्दा बढी युवा जमात खटिएको भन्दै उनी थप्छन्, 'तसर्थ अहिले राम्रो मतदान हुन्छ । मतदानको प्रतिशत पनि बढ्छ बदर संख्या पनि घट्छ भन्ने विश्वास गर्छौं ।'

### कुन अवस्थामा मत बदर हुन्छ ?

१. सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्र भएमा,
२. औंठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मत संकेत गरेमा,
३. मत संकेत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएमा,
४. उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत संकेत नगरी अन्यत्र मत संकेत गरिएमा,
५. एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत संकेत गरिएमा,
६. एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत संकेतको चिह्न पर्ने गरी मत संकेत गरिएमा,
७. मत संकेत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिएमा,
८. कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत संकेत नगरिएमा,
९. आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएमा,
१०. मतपत्र मतपेटिकाभन्दा बाहिर राखिएमा,
११. जाली मतपत्र भएमा,
१२. पट्याएको मतपत्रभित्र कुनै मुद्रा, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रूपमा च्यातेको, प्वाल पारेको भएमा,
१३. एउटा पट्याएको मतपत्रभित्र अरू मतपत्रसँगै एकसाथ पट्याएमा,
१४. उम्मेदवार वा दलको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत संकेत गरेमा ।

निर्वाचन आयोगको तथ्यांक अनुसार २०७९ सालको चुनावमा ५.१९ प्रतिशत मत बदर भएको थियो । त्यसबेला चुनावमा ६१.६३ प्रतिशत मत खसेको थियो । खसेको मतमा ५.१९ प्रतिशत मत बदर भएको हो । २०७४ सालको चुनावमा ६८.६७ प्रतिशत मत खसेका थियो । त्यसबेला ५.१६ प्रतिशत मत बदर भएको थियो ।

२०७० सालको चुनावमा ७८.३४ प्रतिशत मत खस्दा ४.९६ प्रतिशत मत बदर भएको थियो । २०६४ को संविधानसभा निर्वाचनमा ५.१५ प्रतिशत मत बदर भएको निर्वाचन आयोगको तथ्यांक छरु। २०५६ सालमा भएको निर्वाचनमा हालसम्मकै कम अर्थात्, २.७५ प्रतिशत मत बदर भएको थियो । २०५१ को मध्यावधि चुनावमा ३.१६ र २०४८ सालको चुनावमा ४.४२ प्रतिशत मत बदर भएको थियो ।

### यसपटक कति छन् मतदाता ?

निर्वाचन आयोगको तथ्यांक अनुसार, यसपाली एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । जसमध्ये ९६ लाख ६३ हजार पुरुष, ९२ लाख ४० हजार महिला र २०० अन्य छन् । तीमध्ये एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएका छन् । प्रतिनिधिसभा निर्वाचनमा १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् भने समानुपातिकतर्फबाट ११० जना चुनिन्छन् । प्रतिनिधिसभामा २७५ जनासदस्य निर्वाचित हुनेछन् ।

प्रत्यक्ष निर्वाचित हुने १६५ सिटका लागि ३ हजार ४०६ उम्मेदवार छन् । जसमा ३ हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार छन् । समानुपातिकतर्फबाट निर्वाचित हुने ११० सिटमा ३ हजार १३५ जना उम्मेदवार छन् । यसमा एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । एक हजारभन्दा बढी मतदाता भएको ठाँउमा एउटा मतदान स्थलभित्र एकभन्दा बढी मतदान केन्द्र रहनेछन् ।

निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका छन् । निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिएका छन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २ सय मतपत्र छापेको छ । चार अन्तर्राष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षण गर्दैछन् ।

### २४ घण्टाभित्रै नतिजा !

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीका अनुसार यसपटक मतदान सम्पन्न भएर मतपेटिका संक्लनपछि मतगणना सुरु भएको २४ घण्टाभित्र प्रत्यक्षतर्फको रिजल्ट ल्याउने तयारी छ । मतगणना कहिले सकिन्छ भन्ने प्रश्नमा उनी भन्छन्, 'मैले भनि आएको छु- मतपेटिका प्राप्त भएर मतगणना सुरु भएको लगभग २४ घण्टाभित्र पहिलो हुने निर्वाचन अन्तर्गतको निर्वाचन प्रणाली अन्तर्गतको मत परिणाम प्रकाशित गरिसक्ने छौं ।'

प्रत्यक्षतर्फको सँगसँगै समानुपातिक तर्फको मतगणना पनि हुनेछ । देशभरको सकिएपछि एकीकृत गरेर बाँकी प्रक्रिया अगाडि बढ्छ । यो काम पनि छिटो भन्दा छिटो सक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जानकारी दिए ।

उनका अनुसार मतदान सम्पन्न भएसँगै पहाडी इलाका, हिमाली भूभाग लगायत सबैमा मतपेटिका संकलन गर्न कति समय लाग्छ त्यसमा ध्यान दिइनेछ । छिटो भन्दा छिटो मत पेटिका संकलन गर्ने प्रयास अन्तर्गत छिटो संकलन नसक्ने अवस्थामा हेलिकप्टरमार्फत पनि हामी मतपेटिका संकलन गरिनेछ ।

(स्रोत: अनलाइनखबर)

# यो चुनाव मेरो लागि एकदमै चुनौतीपूर्ण रहनेछ : राजेश हमाल

काठमाडौं/अभिनेता राजेश हमालले यसपटकको चुनाव आफ्नो लागि एकदमै संवेदनशील र चुनौतीपूर्ण रहने बताएका छन् । प्रतिनिधि सभा निर्वाचनको पूर्वसन्ध्यामा एक भिडियो सन्देश जारी गर्दै उनले यस्तो बताएका हुन् । उनले भदौ २३ र २४ गतेको घटनापछि देश संवेदनशील अवस्थामा रहेकाले सुझबुझ पुऱ्याएर कसैको दबाबमा नपरी मतदान गर्न पनि आग्रह गरेका छन् ।

उनले भनेका छन्, 'यो चुनाव मेरो लागि संवेदनशील र चुनौतीपूर्ण रहनेछ । भोलि भोट हाल्दै गर्दा मेरो सामुन्ने एक हिसाबले चुनौती नै रहनेछ । किनकि, हाम्रोसामु राजनीतिक हिसाबले परिपक्व भनिएका राजनीतिक दलहरूको धमलिएको छवि र नयाँ राजनीतिक शक्ति भनाउँदाहरूको राजनीतिक दूरदर्शिता खासै छर्लङ्गसँग आइसकेको छैन । यो हिसाबले हाम्रो अगाडि ठूलै चुनौती रहनेछ ।'

हमालले भदौ २३ र २४ गतेका घटनाबीच सम्बन्ध थियो वा थिएन भन्ने विषय अझै स्पष्ट नभएको पनि उल्लेख गरेका छन् । भदौ २३ मा भएको कहालीलाग्दो घटना र भदौ २४ मा भएको राष्ट्रिय सम्पदाको विध्वंसको जवाफदेहिता स्पष्ट रूपमा सुनिश्चित नभइसकेको अवस्थामा देश चुनावमा होमिएकाले मतदाताका लागि छनोट त्यति सजिलो नभएको उनको तर्क छ ।

उनले भिडियोमा भनेका छन्, 'भोलिका दिनमा यदि नेपालमा राजनीतिक स्थिरता र ऐक्यबद्धता आएन भने नेपालको स्वतन्त्रता र सार्वभौमतामाथि नै आँच आउन सक्छ । त्यसैले भोलि हामी मतदाताहरूले अत्यन्त संवेदनशील भएर मतदान गर्नुपर्छ । हाम्रो अगाडि छनोट त्यति सजिलो छैन । चुनौतीपूर्ण छ । हामीले सचेत भएर आफ्नो मतदानको अधिकारलाई प्रयोग गर्नुपर्छ ।'

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### मकवानपुरका ५ जना साइकलयात्रीले दोस्रो पटक मेचीमहाकाली यात्रा गरे

# मकवानपुरकी सीताको दोहोरो ऐतिहासिक साइक्लिङ

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ मकवानपुरकी चेली सीता श्रेष्ठले मेची-महाकाली र महाकाली-मेची साइक्लिङ यात्रा १०-१० दिनमै पूरा गर्दै ऐतिहासिक कीर्तिमान कायम गरेकी छिन् ।

२०८० कार्तिकमा हिमालयन राईडर्स सोसाइटी मकवानपुरका ११ जना र बुटवलका २ जना गरी १३ जनाको टोलीले मेची-महाकाली यात्रा सफलतापूर्वक सम्पन्न गरेको थियो । त्यसपछि २०८२ फागुनमा पुन: महाकाली-मेची यात्रा पनि १० दिनमै सहजरुपमा पूरा गर्दै श्रेष्ठ मकवानपुर बाट पहिलो चेलीकारुपमा कीर्तिमान बनाउन सफल भइन् । लामो दूरी, कठिन भूगोल र समयको दबाबबीच पनि निरन्तरता र प्रतिबद्धताले साइक्लिङ क्षेत्रमा नयाँऊर्जा थपेको श्रेष्ठले बताइन् ।

नारी पुरुषभन्दा कमजोर हुन्छन् भन्ने संकुचित सोचलाई चुनौती दिँदै साहस, आत्मविश्वास र दृढ संकल्पको जीवन्त उदाहरण श्रेष्ठले प्रस्तुत गरेको हिमालयन राईडर्स सोसाइटीका अध्यक्ष राजु थापामगरले बताए । स्वास्थ्य, वातावरण, पर्यटन र खेलकुद प्रवर्द्धनका लागि सोसाइटीले साइक्लिङ अभियान गर्दै आएको छ ।



श्रेष्ठसँगै हेटौंडाका विकास बानियाँ र चेतनाथ आचार्यले महाकालीदेखि मेचीसम्म साइक्लयात्रा गरेका थिए । श्रेष्ठ, बानियाँ र आचार्यले २०८० मा पनि मेची-महाकाली साइकलयात्रा गरेका थिए ।

यसअघि २०५४ माघमा मकवानपुरका साइकलयात्री लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्यसहित ११ जनाले मकवानपुर बाट पहिलो मेचीमहाकाली साइकलयात्रा गरेका थिए । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष समेत रहेका आचार्य र लक्ष्मीचरणले २०८० कार्तिकमा पुन: दोस्रो पटक मेची-महाकाली साइकल यात्रा गर्दै कीर्तिमान बनाएका थिए । अब मकवानपुरे साइकलयात्री ५ जनाले दुई पटक मेची-महाकाली यात्रा गर्ने कीर्तिमान बनाएका छन् । हिमालयन राइडर्स सोसाइटी मकवानपुरका ३ जना सदस्यले २०८१ मंसिरमा मेचीमहाकाली साइकलयात्रा पूरा गरेका थिए ।

'जलवायु न्यायका लागि साइक्ल' भन्ने नारा लिएर मकवानपुरको परिचय दिँदै तीनजनाले मेची-महाकाली साइकलयात्रा गरेका हुन् । हेटौंडाका ६९ वर्षीय कृष्णप्रसाद आचार्य, ६२ वर्षीय पृथ्वी रायमाझी र ५७ वर्षीय बरुण खतिवडाले मेचीमहाकाली यात्रा तय गरेका थिए । साइकलयात्रीले पूर्वपश्चिम राजमार्गको १०३२ किलोमिटर साइकलयात्रा गरेका हुन् । दैनिक एकसय किमि साइकलयात्रा गरिएको उनीहरुले जानकारी दिएका छन् ।

२०८० कार्तिकमा मेचीमहाकाली गर्ने टोलीमा लक्ष्मीचरण श्रेष्ठ, भानुभक्त आचार्य, चेतनाथ आचार्य, बुद्धिबहादुर आलेमगर, राजु थापामगर, लेखनाथ ढकाल, सरोज लामिछाने, ओकिलराज बानियाँ, दुर्गाप्रसाद लामिछाने, सुशील चौधरी (बुटवल), सुरज खत्री (बुटवल), विकास बानियाँ, सीता श्रेष्ठ रहेका थिए ।

२८ वर्षअघिको पूर्वपश्चिम राजमार्गको अवस्था र वर्तमान अवस्थामा निकै फरक आएको र अहिले गियरसहितको साइकल उपलब्ध भएका कारण १०-११ दिनभित्र यात्रा सम्पन्न गर्न सकिने उनीहरुले बताएका छन् ।

# गैरराजनीतिक चरित्र कायम राख्दै सहकार्य भइरहेको छ: नेपाली सेना



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ नेपाली सेनाले एकीकृत सुरक्षा योजनाअनुसार गैरराजनीतिक चरित्रलाई कायम राख्दै सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र सहकार्यका साथ कार्य गरिरहेको स्पष्ट पारेको छ ।

सेनाले विज्ञप्ति जारी गर्दै निर्वाचनलाई सुरक्षितरुपमा सम्पन्न गर्न सेनाले काम गरिरहेको जिकिर गरेको छ । 'आसन्न निर्वाचनलाई सुरक्षितरुपमा सम्पन्न गर्न एकीकृत सुरक्षा योजनाअनुसार नेपाली सेनाले आफ्नो गैरराजनीतिक चरित्रलाई कायम राख्दै सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र सहकार्यकासाथ कार्य गरिरहेको स्पष्ट पार्न चाहन्छौं,' सेनाले भनेको छ । निर्वाचनलाई निष्पक्ष र भयरहित तवरले सम्पन्न गराउन सबै सुरक्षा अङ्ग एवं सरोकारवाला निकाय एकीकृत र समन्वयात्मक ढंगले कार्य गरिरहेको सेनाले बताएको छ ।

यस्तो अवस्थामा प्रसारित असान्दर्भिक र अतिरञ्जित सामग्रीप्रति नेपाली सेनाको गम्भीर ध्यानाकर्षण भएको सेनाले जनाएको छ । 'सुनियोजित ढंगबाट प्रसारित त्यस प्रकारका भ्रामक सूचनामा विश्वास नगर्न/नगराउनु हुन आम जनसमुदायमा नेपाली सेना हार्दिक अपिल गर्दछ,' सेनाले भनेको छ ।

# निर्वाचन शान्तिपूर्ण र भयरहित हुने जियोकको निष्कर्ष




साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ 'जेनजी विद्रोह' पछिको विशेष र संवेदनशील अवस्थामा बिहीवार हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न हुने देखिएको छ ।

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) ले बुधवार साँझसम्म विभिन्न जिल्लामा गरेको पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदनअनुसार निर्वाचन आयोग, नेपाल सरकार र सुरक्षा निकायको तयारी विगतका निर्वाचनभन्दा निकै व्यवस्थित र चुस्त पाइएको हो । निर्वाचनको अघिल्लो दिनसम्म केही सामान्य घटनाबाहेक मतदानलाई नै असरपार्ने खालका कुनैपनि अप्रिय घटना भएका छैनन् । जियोकका महासचिव कृष्णमान प्रधानले निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्रतापूर्वक सम्पन्न हुने कुरामा विश्वस्त हुन सकिने अवस्था रहेको जानकारी दिएका छन् ।

यसपटकको निर्वाचनमा सुरक्षा व्यवस्थापनलाई निकै कडा र प्रभावकारी बनाइएको छ । सुरक्षा संवेदनशीलताको विश्लेषण गर्दै चारवटै सुरक्षा निकायबीच उच्चसमन्वय कायम गरिएको छ । कुनैपनि मतदान केन्द्रमा समस्या आएको खण्डमा ३० मिनेटभित्रै प्रहरी र सेना पुग्न सक्ने गरी 'क्विक रेस्पोन्स'को व्यवस्था मिलाइएको उनले बताए । मोवाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिजर्भ्ड फोर्स र र्‍यापिड रेस्क्यु टिमको प्रभावकारी परिचालनले सुरक्षा व्यवस्था मजबुत देखिएको पर्यवेक्षणले जनाएको छ ।

मतदाता नामावली व्यवस्थापन, मतपत्र छपाइ तथा ढुवानी, मतदान केन्द्रको तयारी र मतदाताशिक्षा जस्ता पक्षमा पनि विगतको तुलनामा उल्लेख्य सुधार आएको पाइएको छ । समग्र अवस्था शान्तिपूर्ण देखिए पनि मतदाताको मनोविज्ञानमा भने केही त्रास बाँकी रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार, जेलबाट बाहिरिएका केही कैदीबन्दी, पेशेवर आपराधिक समूहको चलखेल र सामाजिक सञ्जालको दुरुपयोगका कारण मतदातामा आंशिकरुपमा डरको अवस्था देखिएको जियोकले जनाएको छ ।

विगतका निर्वाचनको तुलनामा यसपटक सडकमा तुल, ब्यानर र दलीय झण्डाको प्रयोगमा निकै कमी आएको छ । यद्यपि उम्मेदवारी दर्ताको दिन शक्तिप्रदर्शन गर्ने होडबाजी र प्रचारप्रसारका क्रममा ठूलो आवाजमा माइक बजाएर दलीय गीत गाउँदा मतदाता असन्तुष्ट बनेको पाइएको छ । त्यस्तै, आँखाछल्दै रातिराति घरघरमा पम्पलेट बाँड्ने काम पनि पूर्णरुपमा रोकिएको छैन । आचारसंहिता उल्लंघनका उजुरीमाथि कारबाही सुरु भएपनि ठोस नतिजा आउन सकेको छैन ।

विशेषगरी मौनअवधि सुरु भइसकेपछि धनुषामा एकजना उम्मेदवारको उम्मेदवारी खारेज गरिएको घटनालाई लिएर भने असन्तुष्टि देखिएको छ । उम्मेदवारी खारेज नै गर्नुपर्ने भए दर्ता भएकै समयमा गर्नुपर्ने आमबुझाइ रहेको प्रतिवेदनमा औंल्याइएको छ । प्रतिनिधिसभा निर्वाचन, २०८२ को पर्यवेक्षणका लागि जियोकले ३६ जिल्लाका २५० वटा पालिकामा जम्मा ४ सय जना तालिमप्राप्त पर्यवेक्षक परिचालन गरेको छ । संविधान र कानूनले समावेशीताको वकालत गरे पनि यसपटकको प्रत्यक्षतर्फको निर्वाचनमा महिला उम्मेदवारी निकै न्युन देखिएको भन्दै जियोकले चिन्ता व्यक्त गरेको छ ।

# निर्वाचन सुरक्षा चुस्त, मतदान गर्न हुनुस् ढुक्क

काठमाडौं/प्रतिनिधि सभा निर्वाचनको सम्पूर्ण सुरक्षा तयारी पूरा भएको छ । निर्वाचन गराउन ७७ वटा जिल्लाका मतदानस्थलहरूमा सुरक्षाकर्मीहरू पुगेर गस्ती, पेट्रोलिङ गरिरहेका छन् । नेपाली सेनादेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, निर्वाचन प्रहरीहरू देशभरका मतदान स्थलहरूमा पुगिसकेका छन् ।

एकीकृत निर्वाचन सुरक्षा कार्ययोजना २०८२ अनुसार अहिले सुरक्षाकर्मीहरू खटिएर ड्यूटी गरिरहेका छन् । यही कार्ययोजना अनुसार नेपाली सेनाले अहिले काम गरिरहेको छ । तोकिएकै मिति २१ फागुनमा प्रतिनिधि सभाको निर्वाचन होला/नहोला भन्ने दुविधा र आशंकाहरू गर्नेहरूको संख्या पनि बाक्लो थियो । यसरी आशंका गर्ने र निर्वाचन बिथोल्न खोज्ने समूहलाई पराजित गर्दै सरकारले शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण तयारी पूरा गरेको छ ।

सुरक्षाकर्मीदेखि, स्रोत साधन सबै कोणबाट पूरापुर तयारी भइसकेकाले बिना त्रास शान्तिपूर्ण वातावरणमा मतदान गर्न अवस्था बनेको छ । सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री ओम प्रकाश अर्यालले यसपालीको निर्वाचन पहिला भन्दा सुदृढ तरिकाले स्वच्छ, निशपक्ष र धाँधलीरहित तरिकाले सम्मपन्न हुने बताएका छन् । 'भयमुक्त वातावरणमा मतदान गर्न पाउने अधिकार सुनिश्चित गरेका छौं । अहिलेको निर्वाचनले लोकतन्त्रको गुणस्तर सुदृढ गर्छ,' गृहमन्त्री अर्यालले भने ।

निर्वाचन बिथोल्न खोज्ने समूहका व्यक्तिहरू पक्राउ पर्नेदेखि केही ठाउँहरूमा राखिएका शंकास्पद वस्तु, विस्फोटक पदार्थहरूलाई सुरक्षा निकायले बेलैमा पहिचान गरेर डिस्पोज गरेका छन् । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले निर्वाचन बिथोल्न खोज्ने समूहमाथि निमर्म भएर प्रस्तुत हुन निर्देशन समेत दिएका छन् । शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउने नेपाली सेनाबाट ७९ हजार ७२७ सुरक्षाकर्मी, नेपाल प्रहरीबाट ७० हजार, सशस्त्र प्रहरीबाट ३४ हजार ५७६, गुप्तचर बाट १ हजार ९२१ जना खटिएका छन् । त्यस्तै निर्वाचन प्रहरी पनि १ लाख ४९ हजार ९० जना खटिएका छन् ।



जसमा सादा पोशाकका टोली पनि चरिचालन गरिएको छ । उनीहरूले सम्भावित जोखिमको सूचना संकलन गर्ने काम गर्छन् । उक्त सूचनाका आधारमा सुरक्षा निकायले अपरेशन गरेर काम गर्नेछन् । सुरक्षाका हिसाबले जोखिमपूर्ण ठाउँहरू जिल्लाहरू झापा, सर्लाही, दोलखा, बाजुरा, रौतहत, महोत्तरी जस्ता ठाउँहरूमा सुरक्षाकर्मीको उपस्थितै अन्यत्र भन्दा झनै बाक्लो बनाइएको छ । हरेक पटकको निर्वाचनमा बुथ कब्जा जस्ता घटना दोहोरिरहेन दोलखामा एसएसपी सोमन्द्र सिंह राठौरको कमाण्डको टोली खटाइएको छ । दोलखामा यो पटक माग भए भन्दा पनि बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।

अहिले झापा र सर्लाहीमा विशेष सुरक्षा रणनीति अपनाइएको छ । अहिले झापा र सर्लाहीमा सादा पोशकमा सूचना संकलनका लागि पनि पर्याप्त मात्रामा प्रहरी खटाइएको छ । यी दुई क्षेत्रमा उच्च सुरक्षा 'थ्रेट' रहेको निष्कर्ष निकाले थप प्रहरी टोली समेत परिचालन गरिएको छ । अहिले थप मद्दतका लागि भन्दै झापामा मात्रै २२ जना सिनियर प्रहरी अधिकृत, अन्य दर्जाका प्रहरी ७५५ गरी ७७८ जना खटाइएको छ । यो बाहेक प्रहरी मातहत नै रहने गरी निर्वाचन प्रहरी, सशस्त्र प्रहरी बल, सशस्त्र निर्वाचन प्रहरी र नेपाली सेनाको टोली पनि परिचालन छ ।

त्यस्तै थप मद्दतका लागि भन्दै सर्लाहीमा मात्रै सिनियर प्रहरी अधिकृत मात्रै २५ जना खटाइएको छ । जुनियर प्रहरी अधिकृत ११९ जना र अन्य दर्जाका प्रहरी ६४८ जना गरी ७९२ जना खटाइएको छ । यो नेपाल प्रहरीको मात्रै संख्या हो । २१ माघदेखि नेपाली सेना फिल्डमा निस्केर गस्ती गरिरहेको छ । अहिले दैनिक जिल्ला सुरक्षा समितिको बैठक बस्ने, सुरक्षा विश्लेषण गर्ने र त्यहीअनुसार रणनीति बनाएर काम भइरहेको छ । केन्द्रीय सुरक्षा समितिको बैठक पनि दैनिक बस्दै आएको छ ।

प्रदेशको सुरक्षा समन्वय गर्नेगरी प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)लाई सातै प्रदेशमा खटाइएको छ । उनीहरूले डीआईजी प्रमुख रहने कार्यालयहरूसँग समन्वय गरेर आवश्यक काम कारवाही गरि रहेका छन् । यता प्रधानसेनापति अशोक राज सिग्देल पनि नेपाली सेनाका आठ वटै पृतनाहरूको निरीक्षण गर्दै शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउन सेनाले निर्देशन दिएका छन् । प्रधानमन्त्री सुशीला कार्कीले एक थोपा पनि नबग्ने गरी निर्वाचन सम्पन्न गराउन भन्दै सुरक्षा निकायहरूलाई पटक-पटक निर्देशन दिँदै आएकी छिन् । सुरक्षा निकायहरू पनि सोही अनुसार तयारी गरेर काम गरिरहेको बताइरहेका छन् ।

पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा रहेर नेपाली सेनाले सुरक्षा प्रदान गर्नेछन् । तर सुरक्षा संवेदनशीलताका आधारमा आवश्यकताअनुसार जुनसुकै घेरामा पनि सेना खटिन सक्नेछ । प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र मतदान अधिकृतसँगको समन्वयमा जुनसुकै घेरामा खटिने सक्ने बताइएको छ । जसलाई सुरक्षा संवेदनशीलतासँग जोडिएको छ ।

**हवाई गस्ती**

निर्वाचन दिन नेपाली सेनाले हवाई गस्ती गर्ने भएको छ । मंगलबार गृहमन्त्री ओम प्रकाश अर्यालयको अध्यक्षतामा गृहमन्त्रालयमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले समेत हवाई गस्ती गर्ने गरेको छ । जसअनुसार निर्वाचनको दिन सेनाले हवाई गस्ती गर्ने मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले बताइन् ।

त्यसका लागि सेनाले विभिन्न पाँच ठाउँहरूमा स्ट्याण्डबाई हेलिकप्टरको व्यवस्था समेत गरिएको छ । जसका लागि सुर्खेत, पोखरा, काठमाडौं, विराटनगर, बुटवल स्ट्याण्डबाई हेलिकप्टरको व्यवस्था मिलाइएको छ । केही भइहालेमा तुरुन्तै जानुपर्ने अवस्थामा हेलिकप्टरमार्फत सेना तत्कालै फिल्डमा पुग्ने बताइएको छ । सडक सञ्जाल नपुगेका ठाउँहरूमा पनि हेलिकप्टरमार्फत मतपेटिका ओसार्ने काम हुनेछ ।

**बम डिस्पोजल टोली तैनाथ**

शंकास्पद वस्तु राखेर मतदातालाई आतंकित पार्न खोजेमा त्यस्ता वस्तुहरू बेलैमा डिस्पोज गर्न नेपाली सेनाको बम डिस्पोजलको टिम पनि तैनाथ राखिएको छ । सेनाका २७५ बम डिस्पोजल टोली तैनाथ राखिएको छ । निर्वाचन भाड्न खोज्ने समूहले बमलगायत बिस्फोटक पदार्थहरू राखनसक्ने, तर्साउने खोज्ने जस्ता कामहरू हुने भएकाले त्यस्ता वस्तुहरू डिस्पोज गर्न बम डिस्पोजल टोली पनि तैनाथ गरिएको सैनिक मुख्यालय जंगी अड्डाले बताएको छ ।

त्यसका लागि अति संवेदनशील मतदानस्थलहरू भनिएका ठाउँहरूलाई केन्द्रित गरेर बम डिस्पोजल टोली पनि तैनाथ पारिएको सेनाले बताएको छ । सुरक्षाका हिसाबलाई मतदान स्थललाई तीन भागमा वर्गीकरण गरिएको छ । जसमा सामान्य, संवेदनशील र अति संवेदनशील भनेर छुट्याइएको छ । प्रहरीको आन्तरिक रिपोर्टअनुसार देशभर अति संवेदनशील मतदानस्थलहरू ३ हजार ६८० छन् । सुरक्षा संवेदनशीलताको हिसाबले सबैभन्दा चुनौतीपूर्ण मधेश प्रदेशलाई लिइएको छ । मधेश प्रदेशका आठ जिल्लामात्रै १ हजार २४६ अतिसंवेदनशील मतदानस्थलहरू छन् । यस्ता क्षेत्र केन्द्रीत अहिले नेपाली सेनाको कमाण्डमा संयुक्त गस्ती समेत भइरहेको छ । सेनाले बख्तबन्द गाडी निकालेर पनि गस्ती गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# सिरहामा वडाध्यक्षसहित तीन जना कुटिए, पैसा बाँड्न हिंडेको आरोप

सिरहा/सिरहाको गोल बजार नगरपालिका-११ का अध्यक्ष सोहेव अनवरमाथि कुटपिट भएको छ । घटनामा अध्यक्ष अनवरसहित स्थानीय २६ वर्षीय अमार खान र ४५ वर्षीय नसिरुल खान घाइते भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सुदन केसीले जानकारी दिए ।

अध्यक्ष अनवरले पुरानै रिसइबीका कारण बाटोमा एक्लै देखेपछि ५-७ जनाको समूहले लाठी-फट्टाले आक्रमण गरेको दाबी गरेका छन् । हाल मुस्लिम समुदायको र मजान पर्व चलिरहेकाले आफन्तको निमन्त्रणामा पनि सहभागी हुन जाने क्रममा आक्रमण भएको उनको भनाइ छ । नेपाली कांग्रेसका कार्यकर्ताबाट आफू कुटिएको उनले गुनासो गरे ।

उता कुटपिटमा सलंग्नले भने पैसा बाँड्दै हिडेको भेटिएको आरोप लगाएका छन् । तर वडाध्यक्ष अनवरले भने आफू खाना खान हिँडेको जिकिर गरे । अध्यक्ष अनवरले भदौ 'जेनजी आन्दोलन'का क्रममा आफ्नो वडा कार्यालय नजलेको तर भदौ २५ गते सोही समुहका केही व्यक्तिले आगजनी गरेपछि आफूले मुद्दा दायर गराएको बताए । सोही घटनामा आफूमाथि आक्रमण भएको हुनसक्ने उनको भनाइ छ । घाइते भएका तीनै जनाको टाउको, घाँटी, नाक, कान र मुखमा चोट लागेको तथा टाउको फुटेको प्रहरीले जनाएको छ ।

# निर्वाचनमा सधैं संवेदनशील दोलखा

काभ्रेपलाञ्चोक/देशकै सबैभन्दा सुरक्षा संवेदनशील मानिएको जिल्ला हो दोलखा । यहाँ जिल्लाभर ९५ वटा मतदान केन्द्र छन्। यीमध्ये ५२ वटा अतिसंवेदनशील, २८ वटा संवेदनशील र १५ वटालाई सामान्य मतदान केन्द्रको रुपमा वर्गीकरण गरिएको छ । यसअघिका निर्वाचनको समयमा देखिएका सुरक्षा चुनौतीलाई ध्यानमा राखेर जिल्ला सुरक्षा समन्वय समितिले सुरक्षा व्यवस्था कडा पारेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे बताउँछन् । उनले सुरक्षा चुनौती देखिए पनि शान्तिपूर्ण र मतादाताको मताधिकार सुनिश्चित हुने गरी तयारी गरिएको बताए ।

अघिल्लो निर्वाचनमा भएको घटनाहरुलाई मध्यनजर गर्दै मतदानको दिन हुन सक्ने सम्भावित हिंसात्मक झडप र बुथ कब्जा रोक्न र मतदाताहरुलाई ढुंक्कसँग मतदान गराउन जिल्लाभर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । यसअघि डीएसपीको नेतृत्वमा सुरक्षा प्रमुख रहने दोलखामा यसपटक एसएसपी सोमेन्द्र सिंह राठौरले कमान्ड सम्हालेका छन् । २०४८ देखि २०७९ सम्मका निर्वाचनहरूमा दोलखाका केहि मतदान केन्द्रमा शान्तिपूर्ण मतदान सम्पन्न गर्न कठिनाइ देखिएको भन्दै यो पटक सुरक्षा रणनीति परिवर्तन गरेर प्रहरीका उच्च तहका अधिकृतलाई जिल्लामा खटाइएको छ ।

प्रमुख जिल्ला अधिकारी घिमिरेले अति संवेदनशील र संवेदनशील मानिएका केन्द्रहरुमा गत एक महिनादेखि नेपाली सेना, ससस्त्र प्रहरी तथा नेपाल प्रहरीको संयुक्त सुरक्षा गस्ती गर्नुका साथै सूक्ष्म निगरानी गरिरहेको जानकारी दिए । 'अति संवेदनशील र संवेदनशील मानिएका स्थानहरुमा संयुक्त सुरक्षा बेस स्थापना गरिएको छ,' घिमिरेले भने ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना